वर्ष : १५, अंक : १, काठमाडौं, २०७६ बैशाख ६ गते शुक्रबार, 19 April 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## हामी १५औं वर्षमा

**मधेशवाणी** पत्रिका आफ्नो यस अंकदेखि पन्ध्रऔं वर्षमा प्रवेश गरेको छ । समुदायप्रति हाम्रो दायित्व र विभेदमुक्त नेपाल बनाउने सोचका साथ मधेशवाणी को स्थापना गरिएको थियो । सत्ता विभेद, संरचनागत विभेद, शासकीय विभेद, साम्प्रदायिक विभेद र स्वसामुदायिक विभेदका विरूद्धमा सक्रिय रहेका **मधेशवाणी** पत्रिका राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित छ । हामीलाई १४ वर्षे यात्रामा सहयोग गर्नुभएका सम्पादकमण्डल, पत्रकार, कर्मचारी, विज्ञापनदाता, वितरक, पाठक र शुभेच्छुक वर्गप्रति कृतज्ञता ज्ञापन गर्दछु । हाम्रो मधेशवाणी परिवार मधेशी जनता र राष्ट्रप्रति थप जिम्मेवार भएर कार्य गर्ने कुरामा सबै पक्षलाई विश्वस्त गराउन चाहन्छु । सक्षम, समृद्ध र विकसित मधेशसहितको नेपाल हामीलाई चाहिएको छ । विभेदमुक्त समाज चाहिएको छ । साम्प्रदायिक विभेद र मधेशी भए बापत पाइने पीडाबाट मुक्ति चाहिएको छ । साझा, स्वतन्त्र र विभेदमुक्त नेपाल निर्माणमा सबै तह र तप्काको सहकार्य खोज्दै मधेश र मधेशीमा रहेको कमीकमजोरी तथा राम्रा पक्षलाई औल्याउँदै हामी अघि बढ्ने छौं । अधिकार प्राप्तिको आन्दोलन थप कठिन र दमनपूर्ण हुने सम्भावना छ । मधेशकेन्द्रित दलप्रति विश्वासमा कमी र अवसरवादी चरित्रका कारण मधेश आन्दोलनका उपलब्धी प्राय: समाप्त भएको छ र नयाँ आन्दोलनको सम्भावना क्षिण हुँदै गएको छ । मधेशी जनताप्रति हाम्रो दायित्व र नेतृत्वसँग कार्यगत विमति कायम नै छ । मधेशी नेतृत्वले मधेश विरोधी गर्ने प्रत्येक कार्यका विरूद्धमा मधेशवाणी सक्रिय रहिरहने कुरामा हामी प्रतिबद्ध छौं । गुण र दोषको आधारमा मात्र समर्थन वा विरोध गर्ने हाम्रो पारिवारिक चरित्रले निरन्तरता पाउने कुरामा सम्पूर्ण पाठक र समुदायलाई विश्वस्त रहन आग्रह गर्दछु । मधेशवाणी परिवार मधेशी जनतालाई केन्द्र(मुटु) मा राखेर बाँकी घटकसँग कार्यका आधारमा प्रस्तुत हुने प्रतिबद्धता व्यक्त गर्दछ ।

डा.राजेश अहिराज

## उपेन्द्र यादवको राजनीति

# पटक-पटक असफल, मधेशको एजेण्डा बिक्री गर्न चतुर !

**मधेशवाणी डेस्क**

काठमाडौं । उपेन्द्र यादव पहिलो मधेश आन्दोलनबाट मधेश राजनीतिमा उदाएका नेता हुन् । आन्दोलनकै बलमा अचानक राजनीतिमा ठूलो उचाईं लिएपछि उनलाई 'एक्सिडेन्टल' नेता पनि भन्ने गरिन्छ ।

यादवको राजनीतिक यात्रा लामै छ । राजदरबार निकटसँग उठबसबाट राजनीति सुरू भएको यादवको तात्कालीन माले पनि संलग्न थिए । माओवादीसँगको निकटता पछि उनी मधेश राजनीतिमा होमिए ।

विराटनगरमा शिक्षण पेशामा लागेका यादवले सन् १९९७ मा मधेशी जनअधिकार फोरम नेपाल नामक गैरसरकारी संस्था गठन गरेका थिए । सोही मञ्चबाट उनी मधेश राजनीतिमा लागे । दोस्रो संविधानसभापछि अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीसँग उनले एकीकरण गरेर पार्टीको नाम संघीय समाजवादी फोरम नेपाल राखेका थिए । अहिले उनी फोरमकै अध्यक्ष हुन् ।

नेपालमा संकटकालका बेला उनी आप्रवासमा पनि बसेका थिए । यसक्रममा भारतमा उनी जेलमा समेत परेका थिए । २०६३-६४ को मधेश आन्दोलनबाट उनी राजनीतिको चर्चामा पुगे । आत्मनिर्णयको अधिकारसहितको समग्र मधेश एक प्रदेश र संघीयता, समावेशीको मुद्दा उठाएर उनी अगाडि बढे ।

स्थानीय तहको निर्वाचनअगाडि बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकीकरणको तयारी भए पनि अन्त्यमा अध्यक्ष पदको विवादका कारण सफल हुन सकेको थिएन । यद्यपि भट्टराईको पार्टी उनकै पार्टीको मसाल चुनाव चिह्न लिएर स्थानीय तहको निर्वाचनमा गएको थियो ।

अहिले उनी पुन: सत्तामा छन् । यादवका सत्ता यात्रा नयाँ भने होइन । पहिलो सविधानसभा चुनावमा देशको चौथो ठूलो दलको रूपमा तत्कालिन संघीय समाजवादी फोरम नेपाल आएपछि उनी तत्कालिन माओवादीका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा २०६५ भदौमा परराष्ट्रमन्त्रीमा नियुक्त भएका थिए । प्रचण्ड नेतृत्वको सरकार ढलेको २० दिनपछि अर्थात २०६६ जेष्ठ ९ गते तत्कालिन एमालेका नेता माधवकुमार



नेपालको नेतृत्वमा सरकार गठन भएको थियो । त्यो सरकारमा जान उपेन्द्र यादवले पनि चाहना राखेका थिए ।

तर, तत्कालिन फोरमका नेता विजयकुमार गच्छदारले सरकारमा जान जिद्दी गरे । यादव र गच्छदारवीच विवाद भएको थियो । उपेन्द्र यादवले पार्टीमा आफ्नै नेतृत्वमा सरकारमा जाने नभए नजाने निर्णय गराउन खोजिरहेका थिए ।

कुरा नमिलेपछि गच्छदारले पार्टी फुटाए । मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) गठन गरेर गच्छदार माधवकुमार नेतृत्वको सरकारमा सहभागी भए । गच्छदारले पार्टी फुटाएर सरकार सहभागी भएपछि उपेन्द्र यादव बाहिरै बसे ।

त्यस पछि तत्कालीन माओवादीको समर्थनमा तत्कालीन एमालेका अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री बने । खनाल नेतृत्वको सरकारमा चार बुँदे सम्झौता गरेर उपेन्द्र यादव पनि सहभागी भए ।

त्यो सरकारमा उनी उपप्रधान तथा पराराष्ट्रमन्त्री भएका थिए । तर, खनालको सरकार धेरै लामो समयसम्म टिकेन् । खनालको सरकार ६ महिना नपुग्दै ढल्यो र तत्कालीन माओवादीका नेता डा.बाबुराम भट्टराई प्रधानमन्त्री बने । बाबुराम भट्टराई नेतृत्वको सरकारमा अन्य सबै मधेशवादी दल सहभागी भए, तर उपेन्द्र यादवको पार्टी सहभागी भएन ।

संविधान निर्माणको विरोधका वावजुद फोरमले तीनटै तहको चुनावमा भाग लियो । देशैभरि उम्मेदवारी दिएपनि महत्वपूर्ण उपलब्धी प्रदेश २ मा मात्र प्राप्त भयो ।

त्यही उपलब्धीका करण उसले त्यहाँ राजपा नेपालसँग मिलेर सरकार चलारहेको छ । तत्कालीन एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो नेतृत्वमा सरकार गठन गर्न लाग्दा सप्तरीमा रहेका उपेन्द्र यादवलाई काठमाडौं बोलाएर सरकारको विषयमा छलफल गरेका थिए । त्यतिबेला पनि उपेन्द्र यादवले सरकारका विषयमा सकारात्मक भएका थिए ।

तर, सविधान संशोधनको विषयमा केही न केही गर्नुपर्ने अडान लिएपछि शुरूकै चरणमा सरकारमा सहभागी उनका पार्टीले सकेन ।

दोस्रो चरणमा मन्त्रीपरिषद् विस्तार हुँदा उपेन्द्र यादव सहभागी हुने तय भइसकेको थियो । त्यतिबेला उपेन्द्र यादवले आफ्नो नेतृत्वमा सरकारमा जाने भनि प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डसँग तीन बुँदे सहमति पनि गरेका थिए ।

तर, पार्टीमा मन्त्रीको विषयमा विवाद भएपछि त्यतिबेला पनि सरकारमा सहभागी हुन सकेन । ओली नेतृत्वको सरकारमा सहभागी हुन उपेन्द्र यादवले तीन महिना कुर्नु परेको थियो । अहिले उनले उपप्रधानसँगै स्वास्थ्य तथा जनसख्या मन्त्री छन् ।

सर्सति हेर्दा उपेन्द्र यादवको राजनीति यात्रा वाम राजनीबाट सुरू भएपनि उनको उदय मधेशको राजनीतिबाट भएको हो । मधेशको भूमीबाट सत्तामा पुग्नका लागि उनले थुप्रै सहमति र सम्झौता गरेका छन् । तर सत्तामा रहँदा एउटाको पालना गराउन उनी असफल भएका छन् । तथ्यांकहरूले के भन्छ भने २०६४ भदौ १२ देखि लिएर २०७५ जेठ १४ गतेसम्म विभिन्न बुँदे सहमति गरेका छन् । तर परिणाम भने शून्य देखिन्छ । २०६४ सालमा जुन मुद्दा लिएर उनले आन्दोलन शुरू गरेका थिए त्यो मुद्दाको राजनीति उनी अहिले पनि गरिरहेका छन् ।

यसपटक उनी केपी ओलीको सरकारमा २ बुँदे सहमति गरेर सहभागि छन् । मधेशका मुद्दालाई सम्बोधन गराउन भनेरै सरकारमा गएको झण्डै एक वर्ष हुन लाग्दा पनि त्यसलाई कार्यान्वयन गराउन उनी पूर्णत: असफल भएका छन् । मधेशका मुद्दा केन्द्रमा स्थापित गराउन सफल भएन

बाँकी अन्तिम पृष्ठमा

**गौर घटनालाई उपेन्द्र यादवले अन्तर्राष्ट्रियस्तरमा बेचे**

**: अमर यादव**



अन्तर्वार्ता पृष्ठ ३ मा

## राजपा नेपाल तेस्रो वर्षमा

काठमाडौं । मधेशका छवटा दल एक भएर बनेको राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) तेस्रो वर्षमा प्रवेश गर्दैछ । मूलधारको राजनीतिमा विभिन्न आरोह अवरोह खेप्दै राजपाले दुई वर्षको आफ्नो यात्रा पूरा गरेको हो । २०७४ बैशाख ७ गते मधेशका मुद्दा उठाएर राजनीति गरिरहेका छ दल एक भएका थिए । महन्थ ठाकुर नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, महेन्द्र राय यादव नेतृत्वको तराई-मधेश सद्भावना पार्टी, शरत्सिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी र राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम गणतान्त्रिक मिलेर बैशाख ७ गते एकता घोषणा गरेका थिए । स्थापनादेखि पार्टीको संगठन विस्तारलाई ध्यान नदिइँदा दुई वर्ष अस्तव्यस्त ढंगबाट पार्टी सञ्चालन हुँदै आएको छ । पार्टी २ वर्षमा पनि महाधिवेशन गर्न सकेको छैन । यहि महिनाका लागि तोकिएको महाधिवेशन पनि अन्लोल भएको छ । पार्टी स्थापनाकाल देखि अध्यक्षमण्डलका संयोजक रहेको महन्थ ठाकुरलाई विवादास्पद तरिकाबाट हटाएर अहिले चक्रिय प्रणाली अनुसार दुई/दुई महिनाका लागि शीर्ष नेताहरू संयोजकको पद ग्रहण गर्दै आएका छन् ।

## 'प्रदेश २ का लागि विज्ञापन नगर्नुस्'

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेश भित्र रित्त दरबन्दीका लागि कर्मचारी भर्नाको अधिकार प्रदेशमै रहेको भन्दै नयाँ भर्ना विज्ञापन नगर्न संघीय लोकसेवा आयोगलाई पत्र लेखेको छ । मुख्यमन्त्री लालबाबु राउतले आयोगलाई पत्र लेखेर प्रदेश २ को प्रदेश स्तर र १ सय ३६ स्थानीय तहको हकमा कर्मचारी भर्नासम्बन्धी विज्ञापन नगर्न आग्रह गरेका हुन् । कर्मचारी समायोजनपछि तीनवटै तहमा अझै ३७ हजार कर्मचारी अपुग छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै सबै स्थानीय तहलाई पदपूर्तिका लागि माग फाराम पठाउन पत्राचार गरेको थियो ।

स्थानीय तहमा रित्त पदमा यथाशीघ्र पूर्ति गर्नुपर्ने भएकाले प्रदेश लोकसेवा आयोग गठन नभएसम्म रिक्त पदहरूमा केन्द्रीय लोकसेवा आयोगमार्फत विज्ञापन गरिने पत्रमा उल्लेख छ । रिक्त दरबन्दीमा संघीय सरकारले केन्द्रीय लोकसेवा आयोगमार्फत पदपूर्तिको सुरसार गरेपछि प्रदेश २ ले आपत्ति जनाउँदै उक्त अधिकार प्रदेश सरकारसँग रहेको उल्लेख गरेको हो/ । मुख्यमन्त्री राउतले प्रदेश लोकसेवा आयोग गठनसम्बन्धी विधेयक अन्तिम चरणमा रहेको र त्यसलगत्तै प्रदेश लोकसेवा आयोग गठन गर्ने तयारीमा प्रदेश सरकार रहेको पत्रमा उल्लेख छ । मुख्यमन्त्री राउतले संविधानको विभिन्न धारालाई उद्धृत गर्दै प्रदेश र स्थानीय तहमा कर्मचारी भर्नाको अधिकार प्रदेश कानुनअनुसार हुने व्यवस्थातर्फ आयोगको ध्यानाकर्षण गराएका छन् ।

**समय-सन्दर्भ**

सुनिल रोहित



# राजपा-फोरम एकता सकारात्मक प्रयास

राष्ट्रिय जनता पार्टी नेपालले आफ्नो पूर्व निर्धारित महाधिवेशन तोकिएको मितिमा गर्न सकेको छैन । खासमा तयारी नपुगेर महाधिवेशन गर्न नसकिएको हो । हामीले महन्थ ठाकुरको संयोजकत्जमा महाधिवेशन मूल आयोजक समिति बनाएको छौं । अब अध्यक्षमण्डलको बैठक बसेर नयाँ मिति तोकिनेछ । वास्तवमा तयारी नपुगेर नै महाधिवेशनको मिति तत्काललाई स्थगित भएको भन्नुपर्छ ।

अहिले पनि पार्टी भित्र महाधिवेशनलाई व्यापक बनाउने सोच छ । तयारी किन पुगेन भने देखि, पहिलाको संरचना र अहिलेको संरचनामा फरक छ । त्यो संरचना तिर जाँदा पहिला त सिधै गाउँ, क्षेत्रीय, जिल्ला समिति हुन्थ्यो । अहिले त वडा कमिटी, पालिका कमिटि, क्षेत्रीय कमिटि, प्रदेश कमिटि सबैको अधिवेशन गर्नु पर्छ अनि मात्रै महाधिवेशन हुन्छ त्यसैले तयारी हुन सकेन ।

हामीले जति बेला बैशाख ७ देखि ९ गतेसम्मका लागि महाधिवेशनको मिति तोकियो त्यति बेला यस्ता प्राविधिक समस्याहरू आउँला भनेर हामीले त्यति ध्यान दिएनौं । तर व्यवहारिक रूपमा फिल्डमा जाँदा वस्तुस्थिति अलि फरक हुन्छ । फिल्डमा गएर काम गर्दा अलि बढी समय लिएर हामी व्यापकता साथ गरिरहेका छौं । हामीले पहिला पनि महाधिवेशनका लागि व्यापक तयारीका लागि जुटेका थियौं । दुई पटक त सदसता वितरण अभियान नै चलायौ । के जानकारी गराउँ भने अहिलेसम्म १५ लाख जति सदस्यता हामीले छपाएका थियौं त्यसबाट विभिन्न गाउँ, क्षेत्र, नगरहरूमा हामीले पुऱ्याएका छौं । विभिन्न स्थानमा विभिन्न साथीहरूले सदस्यता वितरण पनि गरेका छन् ।

हो अहिले १५ लाख सदस्य छन हाम्रो । ती सबै केन्द्रीय कार्यालय, जिल्ला, गाउँ, क्षेत्र, नगरबाट वितरित भएका छन् । महाधिवेशनको लागि साधारण सदस्यता वितरण र सक्रिय सदस्यता फारम भराउनु नै मूल काम हो। त्यो भइसके पछि त त्यस्तो कुनै काम बाँकी रहेन ।

> अहिलेसम्म पत्रको आदान प्रदान मात्र भएको छ । अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोको नेतृत्वमा वार्ता समिति बनेको छ । शामीलाई लाग्छ वार्ता सार्थक निष्कर्षमा पुग्छ ।

हालै पार्टीले एक प्रेस विज्ञप्ति जारी गरेको छ । त्यस विज्ञप्तिमा अस्पष्ट के छे भने कि महन्थ ठाकुरलाई मूल आयोजक समितिको संयाजक मात्र तोकिएको छ । समितिका अन्य सदस्यहरू अहिले तोकिएको छैन । त्यही विषयमा हामीले पदाधिकारी बैठक गऱ्यौं । त्यस बैठकबाट व्यापक छलफल गरेर केही निर्णय पनि गऱ्यौं । एउटा महाधिवेशन आयोजक समितिले मात्र त पुग्दैन । अध्यक्षमण्डल मात्र होइन, पदाधिकारी बैठकमा पनि जाउँ न त । पदाधिकारी बैठकबाट छलफल गरेर विभिन्न निर्णय निकाल्यौं हामीले ।

अब वैशाख ८ गते पदाधिकारी बैठक बस्दैछ । यहि बैठकबाट समितिलाई पनि पूर्णता दिने हो । त्यसपछि महाधिवेशन गर्ने मिति र स्थान पनि तोकिनेछ । पदाधिकारी बैठक नभई अहिले महाधिवेशनको मिति र स्थानबारे केही भन्न सकिदैन । त्यो बैठकका निर्णय के के आउँछ, त्यसका लागि ८ गतेसम्म कुर्नुपर्छ ।

राजपा गठन भएको वैशाख ७ गते दुई वर्ष पूरा हुँदैछ । यो अवधि पार्टीका लागि ठिकै भन्नुपऱ्यो । किनभने दुई वर्ष भित्रमा हामीले विभिन्न जिल्लाको अध्यक्ष मण्डल गठन गऱ्यौं । चुनावमा पनि भाग लियौं । त्यसको परिणाम पनि राम्रै आयो । ठिकै रह्यो अहिलेको दुई वर्ष । र, हामीलाई आशा छ कि अब आउने वर्ष पनि अहिले भन्दा पनि राम्रो हुनेछ ।

राजपा भित्र छ वटा गठबन्धन वा मोर्चा छ भन्नु गलत हो । छ वटा पार्टी मिलेर बनेको राजपा नेपाल भित्र कुनै मोर्चा वा गठबन्धन छैन । नेकपा एकीकरण भएको कति भयो तर अहिलेसम्म उसले पूर्ण रूपमा एकीकृत भइसकेको छैन । नेकपाले अहिलेसम्म जिल्लास्तरसम्मको संरचना बनाउन सकेको छैन । तर हामीले जिल्लामा आफनो संगठन विस्तार गरिसकेका छौं । हामीले संघीय तथा प्रदेशको चुनावमा भाग लिएर हामी अगाडि बढेका छौं ।

पार्टीले अध्यक्षमण्डलमा चक्रिय प्रणाली अंगिकार गरेको छ । त्यहि प्रणालीअनुसार अहिले संयोजक शरदसिंह भण्डारी हुनुहुन्छ । त्यस पछि अनिल कुमार झा अध्यक्षमण्डलको जिम्मेवारी सम्हाल्नु हुन्छ । उहाँ पछि राजकिशोर यादवको पालो आउने छ । राजकिशोरको पालो सकिएपछि फेरी महन्थ ठाकुरदेखि सुरू हुनेछ । यो क्रम महाधिवेशनसम्म चल्नेछ । पार्टीले अहिले कै चक्रिय प्रणालीलाई जारी राख्ने वा एकल अध्यक्ष प्रणालीमा जाने भन्ने विषय महाधिवेशनको हो ।

बाँकी अन्तिम पृष्ठमा





## सम्पादकीय



# भर्ना अभियान र प्रदेश २ को अवस्था

गत वर्ष वैशाख ११ गते बडो तामझामका साथ प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले धनुषाका एक दलित बालिकाको पढाइको अभिभावकत्व लिए। ती थिइन् धनुषाको मिथिला विहारी नगरपालिका ८ की साढे ४ वर्षीया लक्ष्मीनियाकुमारी दास। धेरैलाई लाग्न सक्छ- उनलाई अब पढाइमा कुनै कठिनाइ छैन होला। पाँच महिनासम्म त ठिकै थियो तर त्यसपछि उनी विद्यालय जानै छाडिन्। कारण सोधखोज गर्न न मुख्यमन्त्री राउत पुगे, न उनका कोही सहायक नै। दुई भाइ-बहिनीलाई घरमा खेलाएर दिनभर बस्नुपर्ने बाध्यता मुख्यमन्त्रीको 'कृत्रिम सन्तान' हुँदा पनि लक्ष्मीनियालाई हटेन।

यसवर्ष देखि सरकारले हरेक वर्षको वैशाख २ गतेलाई विद्यार्थी भर्ना दिवसका रूपमा मनाउने निर्णय गरेको छ। त्यस्तै प्रत्येक वर्ष बैशाख २ गतेदेखि १६ गतेसम्म देशभर विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ। 'सबै बालबालिकालाई विद्यालय पठाऔं, नेपाललाई शिक्षित देश बनाऔं' भन्ने नाराका साथ प्रत्येक वर्ष दिवस र अभियान मनाइने छ।

गतवर्ष पनि सरकारले विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गरेको थियो। जसमा प्रधानमन्त्री, अन्य मन्त्री, मुख्यमन्त्री, सांसद देखि विभिन्न अभियान्ताले विद्यालय बाहिर रहेका बालबालिकाको अभिभावकत्व ग्रहण गरेर स्कुलमा भर्ना गराएका थिए।

सरकारले यसवर्ष पनि अभिभावत्क ग्रहण गरेका बालबालिकाको पठनपाठनमा सहयोगका लागि निरन्तरता दिन आह्वान गरेको छ। त्यस्तै अन्य बालबालिकालाई भर्ना गराउन सहयोगको अपिल गरिएको हो। अझै ६० हजारभन्दा बढी विद्यालय उमेर समूहमा बालबालिका कक्षाकोठा बाहिर रहेको आँकडा छ।

बैशाख १४ गतेसम्म चल्ने अभियानमा संस्थागत र सामुदायिक दुबै तर्फ करीब १० लाख विद्यार्थी विद्यालयमा भर्ना गरिनेछ। विद्यालय जान सक्ने उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गराउने उद्देश्यका साथ हरेक वर्ष सरकारले भर्ना अभियान सञ्चालन गर्दै आएको छ। प्रदेश २ मा विद्यालय जाने उमेर समूहका अधिकांश बालबालिका विद्यालय बाहिर रहेको सरकारी तथ्यांक छ। अभिभावकमा चेतनाको कमीका कारण पनि विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेका छन्। यसका लागि प्रदेश २ सरकारले विशेष किसिमको अभियान नै चलाउने भएको छ। हरेक स्थानीय तहमा

**'बेटी बचाऊ, बेटी पढाऊ' योजना गत आर्थिक वर्षमा प्रदेशका आठै जिल्लामा सञ्चालन गर्न करिब ८० लाख रूपैयाँ छुट्याइएको थियो। त्यसको जम्मा ५ लाख खर्च भयो। ७५ लाख फ्रिज भयो।**

जनप्रतिनिधिले विद्यालय बाहिर रहेका बालबालिकालाई खोजी भर्ना गराउने प्रदेश २ सरकारको तयारी रहेको छ। गत वर्षको तथ्यांकले प्रदेश २ मा प्राथमिक तहका ४ दशमलव २ प्रतिशत विद्यार्थी विद्यालय बाहिर देखाएको थियो। पछिल्लो समय भर्ना भइसकेका विद्यार्थी पनि विद्यालयमा टिक्न नसकेका धेरै उदाहरण छन्। गरिबीका कारण बाल श्रम गर्नुपर्ने, आफूभन्दा साना भाइबहिनी हेरेर अभिभावकलाई काममा पठाउनु पर्ने लगायत कारण पनि बीचमै विद्यालय छाड्नेको संख्या उच्च छ। सरकारले यस वर्षदेखि सुरू गरेको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमले नियन्त्रणका लागि केही सहयोग पुग्ने सरकारको अपेक्षा छ। अझै पनि निम्न माध्यमिक तहमा ३७ प्रतिशत र माध्यमिक तहमा ४३ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्यांकले देखाएको थियो। भर्ना भन्दा पनि भर्ना भएकालाई विद्यालयमा टिकाई राख्नु बढी चुनौतीपूर्ण छ।

प्रदेश २ को सरकारले ल्याएका विभिन्न कार्यक्रममध्ये चर्चित 'बेटी पढाउ, बेटी बचाउ' नारामा सीमित बन्दै गएको छ। यसै अभियानअन्तर्गत बालिकाको अभिभावकत्व ग्रहण गर्दै मुख्यमन्त्री राउतले प्रदेश सरकारले छोरीहरूको शिक्षाका लागि ल्याएको विशेष योजनामा सबैलाई सहयोग गर्न अपील गरेका थिए। उनले दलित बालिकाका लागि सरकारले शिक्षा विमा, दिवा खाजाजस्ता योजना शीघ्र ल्याउन गृहकार्य गरिराखेको बताएका थिए। तर हालसम्म त्यस्ता कार्यक्रम ल्याइएका छैनन्। 'बेटी बचाऊ, बेटी पढाऊ' योजना गत आर्थिक वर्षमा प्रदेशका आठै जिल्लामा सञ्चालन गर्न करिब ८० लाख रूपैयाँ छुट्याइएको थियो। त्यसको जम्मा ५ लाख खर्च भयो। ७५ लाख फ्रिज भयो। चालु आर्थिक वर्षमा सरकारले यस अभियानका लागि ५ करोड ११ लाख ३८ हजार विनियोजन गरेको छ।

पहिल्यै घोषणा गरिए पनि भदौ १५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनकपुरमा समारोह आयोजना गरी यो अभियान औपचारिक आरम्भ गरेको थियो। कार्यक्रममा लक्षित बालबालिका देखिएनन्। बरू प्रदेश सरकारले प्रदेशसभाका सदस्यहरूलाई आकर्षक ब्याग बाँडेको थियो।

## बढ्दै बालक तस्करी

# स्थानीय प्रशासन मौन, कानुन नहुँदा स्थानीय सरकारलाई चैन



राकेश प्रसाद चौधरी

प्रदेश नम्बर २ को सीमानाका हुँदै दलालहरूले भारतमा तस्करी गरिरहँदा उद्धार हुने बालकहरूलाई घर फिर्ता ल्याउने काम तदारूकताको साथ हुन सकेको छैन।

स्थानीय प्रशासनको बेवास्ता र सामाजिक संघसंस्थाको प्राथमिकतामा यो समस्या नपरेको कारण भारतीय सुरक्षाकर्मीले यी बालकहरूलाई उद्धार गरि स्थानीय बालगृहहरूमा राख्दासमेत चाँसो र चिन्ता लिनेहरूको संख्या न्यून छ। दलालले प्रलोभनमा पारेर प्रदेश नम्बर २ का आठवटै जिल्लाबाट दिनहुं यस्ता बालकहरूलाई काममा लगाइदिने भन्दै सीमानाका कटाउने गरिएको छ। भारतीय सुरक्षाकर्मीले यस्ता बालकहरूलाई विहारको प्रमुख रेल्वे स्टेशन दरभंगा, पटना, मुजफ्फरपुर र सीतामढीसहितको ठाउँबाट उद्धार गर्दै स्थानीय बालगृहमा पठाउने गरेका छन्।

दिल्ली, राजस्थान, मुम्बई, कलकत्ता, हैदरावादसम्म मात्र नभई प्रदेश २ का नाबालहरू भारतको चेन्नईसम्म पुऱ्याउने गरिन्छ। तस्करी हुने क्रममा उद्धार गरिएका २८ जना बालक भारतीय बाल गृहहरूबाट घर फर्किने आशामा छन् तर स्थानीय प्रशासनलाई कुनै वास्ता नरहेको पत्रकार अजय अनुरागीको आरोप छ।

बितेको चैत १४ गते विहारको सीतामढीबाट यी बालकहरूको उद्धार गरिएको थियो। जसमा धनुषाका ११, महोत्तरीका १२, सिरहाका तीन र सर्लाहीका दुई बालक छन्। यी बालकहरू १८ वर्ष मुनिका छन्। तस्करी हुनबाट जोगिएर उद्धार भएका मध्ये २३ जना दलित, एक मुस्लिम तथा दुई बालक यादव समूदायका छन्। जसमध्ये २६ लाई सीतामढी तथा २ बालकलाई दरभंगाको बालगृहमा राखिएका छन्।

भारत विहारको सीतामढी जिल्लासँग प्रदेश २ को महोत्तरी, सर्लाही र रौतहटको सिमाना जोडिएको छ। त्यहीं धनुषा, सिरहा र सप्तरीको सिमाना विहारको मधुवनीसँग जोडिएको छ। तथापि ठूलो रेल्वे स्टेशन दरभंगा जिल्लाको दरभंगामा भएकोले धेरै बालकहरू यहीं ठाउँबाट उद्धार गरिन्छ।

समय समयमा सीमानाका जोडिएको नेपाल-भारतका प्रशासनिक एवं सुरक्षा निकायसँग मानव तस्करीभन्दा बढी सरसमानको तस्करीसँग जोडिने अपराध नियन्त्रणको बहस र निर्णय मात्र हुने गरेको विभिन्न संचारमाध्यममा आउने समाचारहरूबाट देखिन्छ।

नगरपालिका र गाउँपालिकाको नामबाट गाउँशहरमा स्थानीय सरकारले बालकहरूलाई भारतीय बाल गृहहरूबाट फिर्ता ल्याउने विषयमा कुनै ठोस निर्णय र कार्यविधिहरू बनाउन नसक्दा कामकारवाही पुरानै विधिबाट हुने गरेको बाल अधिकारकर्मी तथा अधिवक्ता बिकरू यादवले बताए। यस सम्बन्धमा जिल्लास्तरीय बाल कल्याण समिति एवं स्थानीय सरकारको कानुन अभाव र भारतीय बाल गृहहरूसँग टाढा टाढासम्म कुनै सम्बन्ध स्थापित हुन नसकेकोले विहारमा रहेको जिल्ला बाल कल्याण समितिले सिधै नेपालको केन्द्रिय बाल कल्याण समितिलाई बालकहरूको जानकारी दिने र फिर्ता लगिदिन जानकारी दिने गरिएको हो।

सीतामढी जिल्लाको बाल कल्याण समितिका अध्यक्ष विश्वास भाजनले समेत यही प्रक्रियामार्फत केन्द्रीय बाल कल्याण समितिलाई पत्राचार गरेको हो। यी बालकहरूलाई उद्धार गर्ने प्रक्रियामा जिल्ला प्रशासन कार्यालयहरू सक्रिय रहेको बुझिएको छ।

बितेको चैत महिना धेरैदिनको प्रयासपछि रौतटहको गुजरा नगरपालिका ८ सिमरा भवानीपुरका ११ वर्षीय मोहम्मद एहसान उर्फ जाफर सदिक र सोही नगरपालिका ४ कनकपुरका १३ वर्षीय शेख नजमद्दिनलाई सोही जिल्लाको स्थानीय प्रशासनको सहयोगमा ग्रामीण विकास केन्द्रले बालगृहबाट घर फिर्ता ल्याएका हुन्। त्यहीं रौतहटबाटै भारत तस्करी हुन लागेको शंका लागेपछि भक्तपुर टोमरीकी शान्ति साह र काभ्रे पनौती नगरपालिका ८ की १८ वर्षीया अंगिता कार्कीलाई उद्धार गरि घर पठाइएको थियो।

जिल्ला प्रशासन कार्यालयहरू सक्रिय हुने गरेपनि यो समस्या प्राथमिकतामा नराखेको उदाहरण सिरहा र सप्तरी जिल्लाको एक घटनाबाट देखिन्छ। नौ महिना अगाडि सिरहा र सप्तरी जिल्लाबाट तस्करी भई भारत पुगेका दलित मुसहर समूदायका छ जना बालकहरूलाई भारतीय प्रहरीले उद्धार गरि दरभंगाको बालगृहमा राखेको थियो। नेपालमा स्थानीय प्रशासनलाई खबर पुगेको झण्डै एक महिनापछि विभिन्न अवरोध पार गर्दै ती बालकहरू घर फर्काएको थियो। जिल्ला बाल संरक्षण इकाईको बाल गृहबाट बालकहरू फिर्ता ल्याउन सरकारी टोली दुई पटक नै त्यहाँ पुग्नु परेको थियो।

दलालहरू बालकलाई सीमानाका भएर हुँदै तस्करी गराउने क्रममा समूहबाट छुट्टिएर निगरानी गर्छन्। बालकहरू पक्राउ परे लगत्तै दलाल बालकहरूको परिवारबाट सम्पर्कविहीन बन्ने गरेको महोत्तरी समसीका अधिकारकर्मी नेयाज अहमदले बताए। उनले बालबालिकाको तस्करी नियन्त्रण गर्न प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय गरि तत्काल कदम चाल्नुपर्ने माग समेत गरे। यस्ता घटना यहाँबाट मात्र नभई भारतबाट समेत दलालको फन्दामा परेर नेपालमा तस्करी गरि विभिन्न ईटा उद्योगहरूमा जोखिमपूर्ण काममा महिला तथा बालबालिका प्रयोग भइरहेको देखिन्छ।

भारतीय ठूला शहरहरूमा जरी (कपडामा बुट्टा भर्ने) को कामलाई स्थानीय प्रशासनले कडाई गर्न थालेपछि नेपाली बालकहरूलाई तस्करी गरी होटल तथा घरेलु काममा लगाउने गरेको पाइन्छ। तस्करले खासगरि विपन्न एवं दलित परिवारका विद्यालय बाहिर रहेका बालकहरूलाई निशाना बनाई भारतसम्म पुऱ्याउने गरेको विभिन्न अध्ययनले देखाएको छ।

**दलालले प्रलोभनमा पारेर प्रदेश नम्बर २ का आठवटै जिल्लाबाट दिनहुँ यस्ता बालकहरूलाई काममा लगाइदिने भन्दै सीमानाका कटाउने गरिएको छ।**

विभिन्न नगर तथा गाउँपालिकाहरूले घरधुरी सर्वेक्षणको नाममा लाखौं रूपैयाँ खर्चे पनि प्राथमिक तथा आधारभूततहको विद्यालय बाहिर रहेका र त्यसमध्ये तस्करी भई भारत वा अन्य देशमा पुगेका बालबालिकाको एकीन तथ्याङ्क सार्वजनिक नगरेको आरोप लाग्ने गरेको छ। प्रदेश २ का दुई लाख बालबालिका विद्यालयको पहुँच बाहिर रहेको प्रारम्भिक अनुमान छ। त्यसमध्ये तस्करी भई देश बाहिर पुगिसकेका बालबालिकाको संख्या सरकारी तथा गैरसरकारी निकायबाट आउन सकेको छैन। यस विषयमा प्रदेश एवं प्रतिनिधि सभामा विषय उठान भई कडा कानुनको निर्माण हुनुपर्ने माग बाल एवं दलित अधिकारीकर्मीहरूको छ।

## साताको सात बात



नेपाललाई निरक्षरहरूको होइन,विद्वानहरूको देशको रूपमा पहिचान बनाउनु पर्दछ, हाम्रा विद्वान पुर्खाको जेनेटिक मेमोरीको उपायोग हामीले गर्नु पर्दछ। विद्वान पुर्खाका सन्तान हामी केही समय निरक्षर रह्यौं तर अब यो अवस्था रहिरहन सक्दैन। **केपी शर्मा ओली, प्रधानमन्त्री**



साँच्चै सरकारले देखेको सपना पूरा गर्ने हो भने कृषिमा क्रान्ति आवश्यक छ, रोजगारी सिर्जना र उत्पादन गर्ने भनेकै कृषिले नै हो। सरकारले छाती चौडा गरेर कृषिमा लगानी गर्नु पर्दछ, कृषि उत्पादनको लागि विशेष व्यवस्था गर्न अर्थमन्त्री र प्रधानमन्त्रीलाई आजै आग्रह गर्नेछु। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



कांग्रेस सुतिरहेको छैन, जिल्ला-जिल्ला दौडिरहेको छ, सरकारको कामबाट जनता निराश छन्, हामीले आशा जगाउनुछ। सरकारले भ्रष्टाचार न्युनिकरण गर्दै अन्त्य गर्न नसकेको र भ्रष्टाचारलाई झन् बढावा दिने काम गरेको स-प्रमाणसहित जनताकोमा हामी जाने छौं। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



जनताको हितमा गरिने कुनै पनि काममा कांग्रेस बाध बन्नेछैन र प्रतिपक्षी दलको हिसावले सहयोग गर्न तयार छ। सरकारले लोकतन्त्रलाई कमजोर बनाउने कार्यको कांग्रेसले जहिले पनि विरोध गर्छ। **विजयकुमार गच्छदार, उपसभापति, नेपाली कांग्रेस**



सरकारी सम्पत्ति दुरूपयोग गर्ने जोकोहीलाई कारबाही हुने छ, सरकारले सार्वजनिक जग्गा अतिक्रमण गर्नेमाथि छानबिन गरी कारबाही अगाडी बढाइसकेको छ। जग्गा किर्ते गरी आफ्नो नाममा ल्याउने जोकोहीलाई सरकारले छाड्ने छैन। **गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री**



म सांसद-मन्त्री बन्न राजनीतिमा आएको होइन, जनताको सेवा, सामाजिक जिम्मेबारी र समाजमा रहेको फोहोर सफा गर्न राजनीतिमा होमिएको हो। कसैको पसल, कसैको ठेकेदारी र रोजीरोटी बन्द हुन लागेको छ, त्यसैले उनीहरू जनतामा भ्रम फैलाउँदै हिडेका छन्। **डा. सीके राउत, अध्यक्ष, जनमत पार्टी**



आफ्नै लगानीमा निर्माण गर्ने भनेर सङ्कल्प गरिएको बूढीगण्डकी परियोजना बिना प्रतिस्पर्धा विदेशी कम्पनीलाई सुम्पिनु, वाइड बडी विमान छानबिनमा अख्तियार प्राप्त संवैधानिक संस्थालाई सहयोग नगरेर छुट्टै आयोग बनाउनुको रहस्यमा घोटाला ढाकछोपको नियत नभई के थियो? **विश्वप्रकाश शर्मा, प्रवक्ता, नेपाली कांग्रेस**

# बधाई छ मधेशका हिरोहरूलाई



सुधा मिश्र




फूलबारीमे फूलल फूल अनेक
गमक स बनल धरती विशेष
गुणी,विवेकी,परिश्रमी,हितकारी
इयाह छथि १०० हिरोज् अफ मधेश

मधेशी पत्रकार समाज र चर्चा मिडिया द्वारा संचालित कार्यक्रम द हिरोज् अफ मधेश भर्खरै १२ अप्रिलको समापन भएको छ। खुला पर्तिस्पर्धा द्वारा व्यक्तित्वको पहिचान गर्न जनतालाई सम्पूर्ण अधिकार दिएर एस, एम, एस भोटिङबाट छनोट गर्नु अति नै सराहनीय काम हो। द हिरोज् अफ मधेस कार्यक्रम २९गते चैत २०७५ शुक्रबारको दिन अशोक हल पाटनढोकामा फिनाले भएको छ। सर्वप्रथम द सय हिरोज् अफ मधेसीलाई धेरै धेरै बधाई तथा शुभकामना।उहाँहरूको लगन, परिश्रम र योगदान यसरी नै अगि बढि रहोस्।

द १०० हिरोज् अफ मधेसमा महिलाहरू पुरस्कृत देखेर महिला समुदाय खुशी भएका छन्।अगामी दिनहरूमा अझै प्रगति हुदै जाओस्। द हिरोज् अफ मधेसमा सबैभन्दा बढी भोट ल्याउन सफल भएकी छिन् शोभा मण्डल।उनी फोरम नेपालकि केन्द्रीय सदस्य तथा समाजसेवी हुन्। शोभा मण्डलले सबैभन्दा बढी भोट ल्याउनु भएकोमा सम्पूर्ण दिदीबहिनीहरू आफुलाइ गौरवान्वित महशुस गरिरहेका छन्।

द १०० हिरोज् अफ मधेस मध्ये एक हिरो विनीत ठाकुरज्यूको भर्खरै प्रकाशित पुस्तक वसुन्धरा (हाइकु संग्रह) पढ्न सुअवसर पाए।उनी निरन्तर क्रियाशिल स्रस्टाको रूपमा एउटा परिचित तथा चर्चित साहित्यकार हुन्। उनी मैथिली भाषाका ज्ञाता एवम् कुशल स्रस्टा हुन्। तिरहुता लिपिका प्रबर्द्धन कर्ता उनी मातृभाषा मैथिली र नेपाली भाषा दुवैमा कलम चलाउदै आउनु भएको छ।

उनको यो हाइकु संग्रहमा प्राकृतिक सौन्दर्य ,किसानको पीडा,जनावर प्रति लगाव, मधेसी संस्कृति आ( आदि थुप्रै मर्मस्पर्शी कुराहरूले ठाउँ ओगटेको छ। घरी आँखा रसायो त घरी सोच्न बाध्य तुल्यायो कि हामी यस्तै रही रहे भने आउने पुस्ताको जीवन के होला ? त घरी आनन्दीत र रोमाञ्चित पुस्तक पढ्दा हुन पुगेको थिए। हाइकु भनेको त short and sweet poem हुदोरहेछ भने अनुभव गर्न पुगे।

आफ्नो निष्ठा, मिहिनेत , योगदान र समर्पणले The 100 Heroes Of Madhesh हुनु भएका सबै जना भोलि हिरोज् अफ सार्क, पर्सि हिरोज् अफ एसिया, निकर्सि हिरोज् अफ वर्ड बनुन् भन्ने कामना गर्दछु।

# गौर घटनालाई उपेन्द्र यादवले अन्तर्राष्ट्रियस्तरमा बेचे

गौर घटनाको बारेमा प्रचण्डजीलाई बढी थाहा छ। त्यो बेला जाँचबुझ आयोग बनेको थियो। विगतमा अन्तरिम सरकारको प्रधानमन्त्री बन्नुभयो खिलराज रेग्मी, उहाँकै अध्यक्षतामा छानबिन समिति गठन भएको थियो। त्यसको त रिपोर्ट नै अहिलेसम्म सार्वजनिक गरिएन। त्यो राज्यको जिम्मेवारी हो। राज्यले न्यायिक छानबिन समिति गठन गर्छ भने त्यसको रिपोर्ट त सार्वजनिक गर्नुपर्दथ्यो। त्यो रिपोर्ट बालुवाटारमा कहीं थन्केर बसेको होला वा फोहोरमा फालिदिएको होला।



**अमर यादव**
**अध्यक्ष, मधेश तराई फोरम**

**० अहिलेको राजनीतिक अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– अहिले मुलुकमा दुई तिहाईको सरकार छ। विभिन्न नियम कानूनहरू बनाउने र संघीयतालाई केन्द्रबाट नियन्त्रण गर्ने जस्ता विशेष अधिकारहरू प्रधानमन्त्रीले लिइराख्नुभएको छ। संघीयतालाई बाध्यत्मक रूपमा स्वीकार गरिएको हो। राज्यले संघीयता चाहेकै थिएन। अहिले संघीयता आइसकेको अवस्थामा प्रदेशहरूलाई संघबाट नियन्त्रण गर्ने प्रयास भइरहेको छ। त्यसैले, हामीले यस्ता परिस्थितिलाई नजिकबाट नियालिरहेका छौं। अहिले पनि संघीयता पूर्णरूपमा लागू भइसकेको छैन। बाहिरबाट हेर्दा मुलुकमा तीन तहको सरकार छ, तर भित्रबाट अहिले पनि अस्थिरता कायमै छ।

**० मधेशको राजनीतिमा पछिल्लो समय जुन किसिमका घटनाक्रमहरु विकसित हुँदै गयो, यसलाई कसरी हेर्नुहुन्छ ?**

– मधेशका राजनीतिक दल र नेताहरू मध्ये कोही सत्तामा गएर व्यापार गरिरहेका छन् भने कोही सत्ता बाहिर बसेर बाटो कुर्दैछन्। कोही त ठूलठूला नारा दिएर आत्मसमर्पण गरेको स्थिति पनि छ। राजनीतिरूपमा मधेशको परिस्थिति त अहिले यस्तै छ।

**० तपाईं राजनीतिबाट किन टाढिनुभएको छ ?**

– काठमाडौंकेन्द्रित राजनीति गर्ने मधेशी नेताहरू बेला-बेलामा मिडियामा आइरहन्छन् तर, मधेशकेन्द्रित राजनीति गरिरहेको हुनाले मिडियामा त्यति आउँदैन। म राजनीतिबाट टाढा छैन। म मिडियामुखी मात्र नभएर राजनीतिक रणनीति निर्माण गर्दैछु।

**० भनेपछि रणनीति बनाउँदै हुनुहुन्छ ?**

– बन्दैछ। हाम्रा साथीहरू सम्पर्कमै छन्। परिस्थिति विश्लेषण गर्दै हामी आफ्नो बाटो तय गर्छौं। अहिले हामी वस्तुस्थिति नियालिरहेका छौं। विगतका आन्दोलनबाट प्राप्त भएका उपलब्धिहरूलाई सुरक्षित गर्ने र भएका कमीकमजोरीहरूलाई सुधारका लागि दबाब दिने हाम्रो रणनीति छ। प्रदेश र केन्द्रका धेरै नियमहरू ऐनहरू बाँझिएका छन्। मधेशका सत्ताधारी पार्टीहरू व्यापार गर्ने पुरानै चरित्र हो। विगतमा पहाडवादी पार्टीहरूले पनि त्यस्तै गरेका थिए र मधेशवादी पार्टी पनि त्यसबाट अछुतो रह्न सकेका छैनन्।

**० तपाईं फोरम नेपालको संस्थापक हुनुहुन्छ, तपाईंका पूर्वसहयात्री उपेन्द्र यादव अहिले उपप्रधानमन्त्री हुनुहुन्छ। उहाँको कार्यलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– उहाँ समर्पणवादी बाटोमा गइसक्नुभएको छ। मेचीदेखि महाकालीसम्मको नारा दिने तर मधेशलाई केही जिल्लामा खुम्च्याउने काम गरिएको छ। उहाँ त पहिला पनि उपप्रधानमन्त्री बन्नुभएको थियो, मालदार मन्त्रालयहरू लिएर बस्नुभएकै हो। यो कुनै नौलो कुरा होइन। मेचीदेखि महाकालीसम्मका लागि आन्दोलन गराउने र केही जिल्लामा व्यापारी र आफ्ना नजिकका मान्छेहरूलाई राजनीतिक नियुक्ति गराउने, माल उठाउने जस्ता कुराहरू पहिलादेखि गर्दै आउनुभएको छ। पहिला पनि हाम्रो विरोध त्यहीं प्रवृत्तिका विरूद्धमा थियो। सबै राजनीतिक दलहरूले लेवी उठाएर राजनीतिक नियुक्तिहरू गरिरहेको देखिएको छ। लेवी बुझाउनेहरूले त उठाइहाल्छन् नि। त्यसमा मधेशी नेताहरू पनि सत्ताको एउटा अंग भइसकेपछि त्यो गर्नु स्वाभाविक नै हो, उनीहरूको दृष्टिकोणले।

**० उपेन्द्र यादवले संविधान संशोधन गराउने शर्तमा लिखित सहमति गरेर सरकारमा सहभागिता जनाउनुभएको छ, यसलाई कसरी लिनुभएको छ ?**

– नेपालको राजनीतिमा बुँदैबुँदाको राजनीति त धेरै भयो। र यो पहिलादेखि नै हुँदै आएको छ। जो पनि सत्तामा जानका लागि दुई/चार बुँदा सहमति गर्ने चलन छ। पहिला विजय गच्छदार पनि यस्तै सहमति गर्दै सरकारमा जाने गरेका थिए। सम्झौता गरेर सरकारमा गएको भनेर फेस सेभिङ्ग गर्दै जनतालाई झुक्याउँदै आएका छन्। सत्तामा गएर व्यापार गर्ने र चुनाव आउनुभन्दा पहिला माग पूरा भएन भनी सरकारबाट बाहिर आउने र जनताबीच गएर ठूलो क्रान्तिकारी नारा दिएर जनताको इमोसनसँग खेल्दै आएका छन्। विगतमा जनताको भावनात्मक मत लिने कार्य गर्दै आएका छन्। तर, जनता अब सचेत भइसकेका छन्।

**० भनेपछि, मधेशकेन्द्रित दलका नेताहरुले मुद्दालाई मुद्रासँग साट्दै आएका छन् ?**

– साटेकै हुन् नि। त्यो त पहिलादेखि नै भइरहेको छ। सबै पार्टीले मुद्दालाई मुद्रासँग साटेका छन्। यिनीहरू त राज्यले पालेका मान्छे हुन्।

**० तपाईं सहयात्री रहिसक्नुभएको छ, उपेन्द्र यादवले साँच्चै नै मधेश मुद्दाको समाधान चाहेका थिए कि मुद्दालाई जहिले पनि क्यास गर्दै जाने रणनीति हो ?**

– ती व्यवक्तिहरू कस्ता छन् भने जहिले पनि अवसरको खोजी गरिरहेका हुन्छन्। त्यत्रो मधेश आन्दोलन भयो, गौरमै आन्दोलन भयो। गौर आन्दोलनको क्रममा दुःखदायी घटनाहरू भए। हामी पनि भागेर गयौं, उहाँ पनि भागेर आउनुभयो। प्रवासमा हाम्रो भेट हुँदा उपेन्द्रजीले मलाई भन्नुभयो कि तपाईंले ठूलो आन्दोलन गराइदिनु भयो, प्रवासमै बस्नुपर्छ, १० वर्ष कारावास बस्नुपर्छ, राजनीतिक चौपट भयो। भनेपछि विगतमा जुन नेताले यस्ता कुरा गरेका थिए अहिले यसैबाट थाहा हुन्छ नि। त्यस्ता नेताले समस्याको समाधान कहिल्यै चाहँदैन।

**० भनेपछि, गौर घटनाबाट उपेन्द्रजीलाई लाभ भयो ?**

– फाइदा त भएकै हो नि। उहाँले गौर घटनालाई अन्तर्राष्ट्रियस्तरमा बेच्नुभयो। त्यसलाई भजाएर अहिलेसम्म पनि खाइरहनु भएको छ।

**० त्यो बेला तपाईं कसरी पछि पर्नुभयो ?**

– सबै पार्टीमा राम्रा मान्छेहरू पछि पर्ने गरेका छन्। यहाँ व्यापारी नेताहरू मात्रै टिक्ने गरेका छन्। ब्रिफकेश लिएर जाने, डलर दिनेहरू नै हावी भएका हुन्छन्। हामीसँग त्यस्तो केही पनि हुँदैन। हामी नैतिकता र सिद्धान्तवादी राजनीतिमा आधारित हुन्छौं।

**० खासगरी, गौर घटना के थियो ?**

– गौर घटनाको बारेमा प्रचण्डजीलाई बढी थाहा छ। त्यो बेला जाँचबुझ आयोग बनेको थियो। विगतमा अन्तरिम सरकारको प्रधानमन्त्री बन्नुभयो खिलराज रेग्मी, उहाँकै अध्यक्षतामा छानबिन समिति गठन भएको थियो। त्यसको त रिपोर्ट नै अहिलेसम्म सार्वजनिक गरिएन। त्यो राज्यको जिम्मेवारी हो। राज्यले न्यायिक छानबिन समिति गठन गर्छ भने त्यसको रिपोर्ट त सार्वजनिक गर्नुपर्दथ्यो। त्यो रिपोर्ट बालुवाटारमा कहीं थन्केर बसेको होला वा फोहोरमा फालिदिएको होला।

**० सत्तारुढ फोरम र प्रतिपक्षमा रहेको राजपाबीच एकताको कुरा पनि चल्दैछ। यिनीहरुबीच एकता होला त ?**

– यहाँ प्रतिपक्षमा कोही छैन। राजपा पनि सरकारकै अंग हो। स्थानीय तह र प्रदेश सरकारमा राजपा त छँदैछ नि। प्रदेश प्रमुख बनाएकै छ। प्रदेश प्रमुख, प्रदेश सरकारबाट हटेपछि न प्रतिपक्षमा भएको मान्न सकिन्छ। सत्ताको भत्ता खाएपछि सत्तापक्ष भएन ? सांसदहरूले पनि राज्यको भत्ता खाइरहेका छन्, काठमाडौंमा चिल्ला-चिल्ला गाडीमा चढेकै छन्।

**० तर, यिनीहरुले अहिले पनि हामी आन्दोलनमै छौं भनिरहेका छन् नि ?**

– त्यो सब नाटक मात्र हो। सरकारमा जान नपाएर राजपालाई छट्पटी लागेको छ। पहिला यिनीहरूले पार्टी फुटाएर भए पनि सरकारमा जान्थे। तर, अहिले नैतिक दबाबका कारण पार्टी फुटाउन सकिरहेका छैनन्। नभए त अहिलेसम्म कति टुक्रा भएर सरकारमा गइसकेका हुन्थे। विगतमा पनि झलनाथको सरकारमा जान सद्भावना पार्टी फुटाएकै हुन्। झलनाथजीको निर्देशनमा पार्टी फुटाएर मालदार मन्त्रालय खाएकै हुन्। विगतमा बनेको हरेक सरकारमा सहभागी हुन पार्टी फुटाउनेहरू अहिले एक भएका छन्। त्यो बाध्यता थियो। हैन भने उनीहरू अस्तित्व पनि रहने अवस्था थिएन। अहिले अब उपेन्द्र यादवसँग एकताको कुरा गर्दैछन्। फेरि जनतालाई ठग्नकै लागि यस्ता कुराहरू गर्दैछन्। अहिलेसम्म यिनीहरूले मधेशका लागि केही गर्न नसकेपछि एकताको कुरा गरेका हुन्।

**० आन्दोलनका मुद्दाहरु कुन अवस्था छन् ?**

– मुद्दाहरू केही परिमार्जन भएका छन्। मधेशको २२ जिल्लालाई यिनीहरूले ८ जिल्लामा सीमित गराएका छन्। राज्यसँग मिलेरै यिनीहरूले जनतालाई धोका दिएका हुन्। सप्तरीदेखि पर्सासम्म प्रदेश बनाइदिनुस्, बाँकी तपाइँहरू आफ्नो प्रदेशमा लिनुस् भनेर उपेन्द्रजीहरूले प्रचण्ड, केपी ओली, माधव नेपालहरूसँग मिलेर यस्तो गरेका हुन्। राज्यसँग मिलेरै यस्तो प्रदेश बनाएको हो।

**० तर, उहाँहरुले यो सीमांकनप्रति असन्तुष्टि छ, सच्याउनुपर्छ भनिरहनु भएको छ नि ?**

– उहाँहरू कमल थापा जस्तै त हो नि। पटक-पटक उपप्रधानमन्त्री बन्ने, सत्तामा जाने अनि संविधानको विरोध गर्ने, त्यहीं संविधानमा शपथ खाने त्यसको पछिल्लो संस्करण हो राजपा र फोरमहरू।

**० भनेपछि आत्मसमर्पण र मुद्दा विसर्जनवादीको आरोप लगाउनुहुन्छ ?**

– यिनीहरू त मुद्दा उहिल्यै नै विसर्जन गरिसकेका छन्। अहिले समर्पणवादी प्रवृत्ति देखाइरहेका छन्।

**० त्यसो भए, मधेशको आन्दोलन अब सकियो ?**

– मधेशको आन्दोलन सकिएको छैन। असमानता र अन्यायको अन्त्य नभएसम्म आन्दोलन समाप्त हुँदैन। त्यसको स्वरूप परिवर्तन हुनसक्छ। नयाँ-नयाँ मुद्दाहरू आउँछन्, कतिपय मुद्दाहरू परिमार्जन भएर आउँछन्। पहिला जस्तै सडकमा टायर बाल्नु, हजारौं मान्छे उतार्नु मात्रै आन्दोलन होइन। आन्दोलनका विभिन्न प्रारूप हुन्छन्। वैचारिक आन्दोलन हुन्छ, आन्तरिकरूपमा जनतालाई कन्भिन्स गर्ने। त्यसकारण यो विभिन्न स्वरूपमा चलिरहन्छन्। कुनै सतहबाहिर हुन्छ कुनै भित्र हुन्छ। कसैले मुद्दा छोड्दैमा आन्दोलन समाप्त हुँदैन। कसैले आन्दोलनका लागि लाइसेन्स लिएका छैनन्। त्यो परिस्थितिअनुसार आन्दोलन हुन्छ। यिनीहरू अहिले फेरि अवसरको खोजी गरिरहेका छन्। मधेशले १० वर्षमा पाउने अधिकारलाई यिनीहरू अझै ५० वर्षसम्म लम्ब्याउन चाहन्छन्। त्यसैले यिनीहरूले मुद्दालाई ओझेलमा पारेर आफ्नो राजनीति सुरक्षित गर्न चाहन्छन्। जसको विरूद्धमा आन्दोलन गर्ने, उसैसँग मिलेर लाभ लिइरहेका छन्। सप्तरीको मलेठ घटनालाई नै हेरौं। एमालेको कार्यक्रममा यिनीहरूले भावनारूपमा विरोध गराइदिए, त्यसमा पाँच जनाको ज्यान गयो। त्यसमाथि पनि यिनीहरू राजनीति गर्दै भावनात्मक मत हासिल गर्न सफल भए। जसको विरूद्धमा मत लिए र जनताले दिए पनि, त्यो मतलाई यिनीहरूले उनकै चरणमा गएर सुम्पिएदिए। फेरि चुनावमा यस्तै भावनात्मक कुराहरू गर्छन्, सयौंलाई राज्यबाट मार्न लगाउँछन् र भावनात्मक मत लिएर व्यापार गर्ने चलन छ। त्यहीं गर्दै आजसम्म यिनीहरू भऱ्याङ चढ्दै आएका छन्।

**० यिनीहरुले यस्तै गर्छन् भने तपाईंहरु मुकदर्शक भएर बसिरहनुहुन्छ ?**

– हामी अहिले त्यस्तै तयारीमा छौं। हामीले आन्तरिकरूपमा रणनीति बनाउँदै छौं। मिडियामा आएर हल्ला मात्रै गरेर हुँदैन। मिडियाहरूमा ठूलठूला कुरा गरेर, चर्का नारा दिएर मात्रै जनता सचेत हुँदैनन्। बुद्धिजीवीहरूलाई कन्भिन्स गर्ने काम गरिरहेका छौं। त्यसको परिणाम आउन अलि समय लाग्छ।

**० तपाईंहरुले गृहकार्य गर्दै हुनुहुन्छ ?**

– हामी गर्दैछौं। हामी बढी प्रचारबाजी गर्न चाहदैनौं। हामीले गरिरहेको यथार्थ जनतामा आउँछ। परिवर्तनका लागि केही समय लाग्छ।

**० तपाईंहरु मधेशमा वैकल्पिक शक्ति निर्माण गर्दै हुनुहुन्छ ?**

– मधेशमा वैकल्पिक शक्ति त चाहिन्छ नै, नभए यिनीहरूले मधेशलाई धरापमै पार्छ। अहिलेका सत्ताधारीहरू र मधेशवादीहरूले धरापमै पार्न खोजिरहेका छन्। राज्यसँग मिलेर ५/१० वर्ष असुलेर खाने, त्यसपछि मधेशलाई धरापमै पारिदिने रणनीतिमा यिनीहरू लागिरहेका छन्।

**० पृथकतावादी अभियान चलाइरहेका डा.सीके राउतलाई जसरी सरकारले भव्य कार्यक्रम गरेर मूलधारमा ल्यायो, यसलाई कसरी लिनुभयो ?**

– उग्र आन्दोलन त विगतमा माओवादीहरूले पनि गरेका थिए। जुन मान्छे मधेशीको नाममा आन्दोलन गर्दा मधेशीको पोसाक नै ग्रहण गर्दैन, टाइ लगाएर आन्दोलन गर्न आउँछन्, टाइ लगाएर सम्झौता गर्छन्। त्यो व्यक्ति त मधेशका लागि आन्दोलन गर्न आएकै होइन। जसले मधेशी संस्कृत, भेषभूषा लगाउन तयार हुँदैन, उसले मधेशीको अधिकार चाहन्छन् भन्ने मलाई लाग्दैन। त्यसकारण, त्यो विषयमा धेरै टिकाटिप्पणी गर्नु राम्रो हुँदैन। विस्तारै समय आउँछ, सबैले थाहा पाउँछन्।

**० उनी परिचालित थिए ?**

– एक दिन पहिला रिहा हुन्छ र त्यसको भोलीपल्ट राजनीतिक सहमति हुन्छ। ती सबैले केही न केही त संकेत अवश्य गर्छ। केही दिन पछि हेर्नुहोला, राष्ट्रिय गान गाउँछ र दाउरा सुरूवाल लगाएर कुनै न कुनै लाभको पदमा जान्छन् होला। अब उनी परिचालित थिए कि स्वचालित थिए भन्ने कुरामा बढी टिकाटिप्पणी नगरौं। समयले बताउँछ। तर, सुरूमै टाइ लगाएर आउनुभो, टाइ लगाएरै जेल जानुभयो र टाइ लगाएरै सम्झौता भयो। अब टाइ लगाएर कहिले टोपी लगाउनुहुन्छ त्यो थाहा भएन।

**० तपाईं चुनावभन्दा केही दिन पहिला उपेन्द्र यादवको पार्टीमा प्रवेश गर्नुभएको थियो नि ?**

– हामी प्रवेश गरेका थिएनौं। यो गलत कुरा हो। उपेन्द्रजी र हामीबीच एउटा समझदारी भएको थियो कि पार्टी एकीकरण गर्ने र सामूहिक निर्णय गरेर जाने। यस विषयमा एउटा प्रेस विज्ञप्ति पनि आएको थियो। कोही कसैले माला वा टिकाटाला लगाएर प्रवेश गराएको थिएन। हामीसँग भएको समझदारी कार्यान्वयन भएन अनि उहाँ आफ्नो बाटो लाग्नुभयो र हामी आफ्नो बाटो लाग्यौं।

**० के कुरा मिलेन त ?**

– हामीबीच सल्लाह र समझदारी भएको थियो कि संघीय समाजवादी फोरम नेपाल र मधेश तराई फोरमलाई एउटै पार्टी बनाएर जाने, सामूहिक निर्णय गर्ने। त्यसपछि उहाँहरूले त्यसप्रति कुनै चासो देखाउनुभएन। चुनाव आयो र हामी आआफ्नो बाटोतिर लाग्यौं।

**० अहिले जसरी विभिन्न राजनीतिक शक्तिहरुबीच एकता र सहकार्यका कुराहरु चल्दैछ, तपाईंहरुले पनि कसैसँग एकता वा सहकार्य गर्नुहुन्छ कि ?**

– यहाँ मिलेर जाने भनेको त जनता ठग्नु मात्रै हो, अरू केही पनि छैन। उनीहरू जनताका लागि राजनीति गर्न गएका होइनन्, व्यापार गर्न गएका हुन्। मालदार मन्त्रालय लिएर माल कमाएको उदाहरणहरू हामीबीच प्रशस्तै छन्। अहिले राजपा भित्र भएका नेताहरू र फोरमका नेताहरूले के गरेका थिए सबैलाई थाहा छँदैछ नि। पञ्चायती व्यवस्था र कांग्रेसका बेलामा मन्त्री हुनेहरूले के गरे, हिजोअस्ति पार्टीलाई टुक्रा-टुक्रा गरेर के गरे सबै सर्वविदितै छ। अहिले यिनीहरू राज्यसँग मिलेर मधेशलाई राजनीतिक रूपले नै सखाप पार्ने दाउमा छन्। कतिपय नेताहरू आफै जिन्दगीको उत्तरार्द्धमा आइसकेका छन्। त्यसमा, उनीहरू आफ्ना परिवारका व्यक्तिहरूलाई केही न केही पदमा पुऱ्याउने दाउमा लागेका छन्। यसमा कतिपय त सफल पनि भएका छन्। मधेशको समस्या समाधान गर्ने हिजो पनि यिनीहरूको एजेन्डा थिएन। संयोगवश मधेशी जनताहरू लामो समयदेखि पीडित थिए, त्यो विद्रोहको रूप लियो र त्यसलाई यिनीहरूले भजाएर खाइरहेका छन्। यिनीहरूसँग न कुनै प्रष्ट मुद्दा छ, न नियत छ न नियति छ। भजाएर खाने मात्रै रणनीति छ। अहिले फुटेर गए भने मार्केटमा कुनै भ्यालु छैन। त्यसैले जुटेर जाने र जनतालाई ठग्ने।

**० भनेपछि मधेशको अगाडि विकल्प के छ ?**

– विकल्प त आइहाल्छ नि। अहिले भन्नु हतार होला। मधेशको विकल्प समय र परिस्थिति उब्जाउँछ। त्यसका लागि प्रतिक्षा गर्नुपर्छ।

**० अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– राज्य र मधेशको ठेकेदार भनेर लाइसेन्स लिएका पञ्चहरूलाई जनताले नजिकबाट नियालिरहेका छन्। त्यो कुरा नियालेर मधेश ओरिएन्टेड विचारमुखी विकल्प दिन म मधेशी जनसमुदायलाई आग्रह गर्न चाहन्छु।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

☞ उपेन्द्र यादव समर्पणवादी बाटोमा गइसक्नुभएको छ। मेचीदेखि महाकालीसम्मको नारा दिने तर मधेशलाई केही जिल्लामा खुम्च्याउने काम गरिएको छ।

☞ नेपालको राजनीतिमा बुँदैबुँदाको राजनीति त धेरै भयो। र यो पहिलादेखि नै हुँदै आएको छ। जो पनि सत्तामा जानका लागि दुई/चार बुँदा सहमति गर्ने चलन छ।

☞ गौर घटनाले उपेन्द्र यादवलाई फाइदा त भएकै हो नि। उहाँले गौर घटनालाई अन्तर्राष्ट्रियस्तरमा बेच्नुभयो। त्यसलाई भजाएर अहिलेसम्म पनि खाइरहनु भएको छ।

☞ सबै पार्टीमा राम्रा मान्छेहरू पछि पर्ने गरेका छन्। यहाँ व्यापारी नेताहरू मात्रै टिक्ने गरेका छन्। ब्रिफकेश लिएर जाने, डलर दिनेहरू नै हावी भएका हुन्छन्।

☞ पटक-पटक उपप्रधानमन्त्री बन्ने, सत्तामा जाने अनि संविधानको विरोध गर्ने, त्यहीं संविधानमा शपथ खाने त्यसको पछिल्लो संस्करण हो राजपा र फोरमहरू।

☞ मधेशको आन्दोलन सकिएको छैन। असमानता र अन्यायको अन्त्य नभएसम्म आन्दोलन समाप्त हुँदैन। त्यसको स्वरूप परिवर्तन हुनसक्छ।

# ‘मुलुकबाट पृथकतावादको अन्त्य भएको छ, नयाँ वर्ष सुखमय होस्’

देशभित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरू,
नयाँ बर्ष २०७६ को मंगलमय शुभकामना ।

- गए रातीबाट हामीले बिक्रम सम्वत् २०७५ लाई विदा गऱ्यौं । आशा, उत्साह र अपेक्षाका साथ गएको वर्ष शुभारम्भ भएको थियो । मुलुकलाई समृद्ध बनाउन हामी सबैले सिङ्गो वर्षभरी आ-आफ्नो स्थानबाट सक्दो मेहेनत गऱ्यौं । आजको यो नयाँ विहानीमा म, सबै नेपाली दिदीबहिनी/दाजुभाइहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

- गएको वर्ष नयाँ वर्षारम्भ गर्दा हामीले, कर्णालीको राराबाट विद्यालय भर्ना अभियानको आरम्भ गरेका थियौं । त्यतिखेर मेरोमनमा प्रसस्तै प्रश्नहरू उठिरहेका थिए-

- यी स-साना नानीहरूका लागि गतिला विद्यालय र त्यहाँसम्म पुग्न भरपर्दा बाटा र पुल कसरी बनाउने?
- सुत्केरी व्यथालागेका यस्तै भूभागका आमाहरूलाई बचाउने पर्याप्त मानवीय र भौतिक संसाधनको जोहो कसरी गर्ने?
- कर्णाली नदी र त्यससँगै गडगडाउँदै बगिरहेकाअरू नदीहरूबाट बत्ति निकालीगाउँ/बस्तीको अँध्यारो कसरी भगाउने?
- सिंचाईको अभावमा बाँझै रहेका यहाँका खेतबारीलाई हरियाली कसरी बनाउने?

- अर्कोतिर म सोच्दै थिएँ- भर्खरै स्थापित संघीय शासन व्यवस्थाको जग कसरी बलियो बनाउने?‘मुलुक बन्दैन, काम हुँदैन’ भन्ने नकारात्मक भावलाई ‘काम पनि हुन्छ- हाम्रै जीवनकालमा नेपाल समृद्ध बन्छ’ भन्ने विश्वास कसरी जगाउने?

- आज हामी यस्ता प्रश्न गर्ने स्थितिबाट, प्रगति सुनाउने अवस्थामा आइपुगेका छौं । राज्यमा रहेको चरम बेथीतिलाई क्रमशः प्रणालीगत स्थायित्वमा विकसित गर्ने तहमा हामी पुगेकाछौं । संविधान अनुरूपको कानून निर्माण गरी, कानून बमोजिमको संरचनाको परिचालन गर्ने तहमा हामीहरू आइपुगेका छौं ।

संकेतमा भनौं -

- संयुक्त राष्ट्रसंघीय वालकोष (युनिसेफ)ले हालै प्रकाशित प्रतिवेदन- ‘अ वर्ल्ड रेडी टु लर्न’मा पूर्वप्राथमिक शिक्षामा नेपालको विद्यार्थी भर्नादर८६ प्रतिशत रहेको र यो विश्वमै अगाडी भएको उल्लेख गरेको छ ।
- लगानीको लागि भरपर्दो वातावरण हेरी हालै सम्पन्न लगानी सम्मेलनमा उपस्थित अन्तर्राष्ट्रिय वित्तीय संस्थाका अधिकारीहरूले नेपाललाई दक्षिण एशियाको उदाउँदो अर्थतन्त्र(राइजिङ्ग स्टार) भनेका छन् ।
- विश्वका विभिन्न मुलुकले नेपालको शान्ति प्रक्रिया र प्रतिस्पर्धामा आधारित हाम्रो सहभागितामूलक शासन पद्दतिलाई प्रेरणादायी र अनुकरणीय मानेका छन् ।
- मिश्रित निर्वाचन प्रणालीबाट स्थीर र बलियो सरकार निर्माण हुनुलाई नेपालीहरूको सुझबुझपूर्ण निर्णय र विकासप्रतिको तीब्र भोकको रूपमा लिएका छन् ।

- मैले धेरैचोटी दोहऱ्याएको छु, संघीयता हाम्रो लागि विलकुल नयाँ अभ्यास हो । सञ्चालनमा चुनौति छन् । तर,यस शासन प्रणालीको सबै तहका सरकारहरू अहिले व्यवहारबाट सिक्दै, कमी/कमजोरीलाई चिर्दै अघि बढ्दैछन् । हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्र जगैबाट उठ्दैछ, आफ्नै भूमिमा उम्रिएको यो टुसा हुर्किँदैछ।मुलुकको आर्थिक/राजनीतिक रूपान्तरणको यस प्रक्रियामा धैर्यतापूर्वक संलग्न हुने र यसलाई संस्थागत र कामकाजी बनाउन सघाउने सबैलाई म, शुभकामना तथा वधाई दिन्छु ।

- गत चुनावमा नेपाली जनताले स्थायित्व, शान्ति र विकासको पक्षमा मतदानगरे । त्यसैले हामीले,गएको एक वर्ष शान्ति, विकास र समृद्धिको नीतिगत, कानुनी र संरचनागत जग बसाल्न खर्चियौं । अब, त्यही जगमा उभिएर विकास र समृद्धिको यात्रातीब्र गतिका साथअघि बढाउँछौं । हामीले हाम्रा संपूर्ण स्रोत, साधन र प्रयासहरू यसैमा खर्चेका छौं । तर आफ्नो मात्रै स्रोत/साधनबाट हाम्रा आकांक्षाहरू पूरा गर्न संभव नहुने भएकोले नै मित्रहरूसँगको सहकार्य खोजी गरेका हौं । त्यसै खोजीको शुरूवात लगानी सम्मेलनबाट गऱ्यौं, जसले बाह्य पूँजी र प्रबिधि आमन्त्रण गर्नमद्दत पुऱ्याएको छ । यसपछिको अभियान, सक्षम जनशक्ति र किटान गरिएको लक्ष्य सहितको कामबाट अघि बढाइनेछ ।

दिदीबहिनी तथा दाजुभाइहरू,

- कसैले निराशा पोख्न सक्छ- ‘यो एक बर्षमा के नै भयो र?’ जिज्ञासु सबैलाई आग्रह गर्छु, आउनुस् हामी प्रश्न गर्ने तरीका नै फेरौं । सरकारलाई यसरी प्रश्न गरौं- यो वर्षके के भए?

- यो वर्ष विधि निर्माणको वर्ष हो भनिएको थियो, कति कानुन बने ? कति संशोधन भए ?
- कति किलोमिटर बाटो कालोपत्रे भयो?कतिवटा पक्की पुल निर्माण गरियो?
- तुइन विस्थापन गरी पुल बनाउँदा के फाइदा भयो?
- पूर्व-पश्चिम रेलमार्गको डीपीआर त तयार भएछ, लिग बिछ्याउने काम चाँहि कहिलेबाट शुरू हुन्छ?
- पानीजहाज कार्यालय खुलेछ, सतह-जल यातायात कहिले र कहाँबाट चल्छ?
- पहिले नचलेका कतिवटा विमानस्थलअहिले सञ्चलनमा आए?नेपाल भ्रमण वर्ष मनाईंदैछ, नेपालसँग अहिले आफ्नै हवाइजहाज कतिवटा छन् ?
- नयाँ युगको शुरूवातको रूपमा थालिएको सामाजिक सुरक्षा कार्यक्रमले नागरिकको जीवनमा कस्तो प्रभाव पाऱ्यो? आजैबाट शुरू हुने जेष्ठ-नागरिक स्वास्थ्य बीमा कार्यक्रमले हाम्रा आमा-बाबाहरूलाई के लाभ दिन्छ?
- ‘खोलौं बैंक खाता’ कार्यक्रम के हो ? यसले कसरी फाइदा पुऱ्याउँछ?
- काम र रोजगारीको अभियान कहाँ पुग्यो?प्रधानमन्त्री रोजगार कार्यक्रमले जनतालाई कसरी लाभ दिने भयो?
- ‘नेपालको पानी, जनताको लगानी’बाट देशलाई र स्वयं शेयर किन्ने व्यक्तिलाई के कति लाभ हुन्छ?
- छिमेकी मित्रराष्ट्रका साथै संयुक्त राष्ट्रसंघको महासभा र विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा भएको हाम्रो सहभागिताले मुलुकले के के लाभ पाएको छ ?

मित्रहरू,

- अबको नेपाली समाजको मूल प्रवृत्ति शान्ति, एकता र विकास हो।विकासको लागि सरकार के गर्दैछ त?म ठान्दछु, आज नखोजिए, भोलि, भोलि नखोजिए पर्सी- यी प्रश्नहरू आफैं उत्तर बनेर जनताको जीवनमा आउँनेछन् । हाम्रा कामहरूले आफ्नो जीवनमा ल्याएको परिवर्तन जनताले स्वतः महसुस गर्नेछन् । प्रश्न सोध्नेका लागि सरकार, तथ्य/तथ्याङ्क सहित जवाफ दिन तयार छ ।

- हाम्रो राष्ट्रिय आकांक्षा- ‘समृद्ध नेपाल, सुखी नेपाली’को केन्द्रविन्दू जनता र धर्ती( पिपुल र प्लानेट) हो । जनताको जीवनलाई सहज र सुखी बनाउने, र हामी रहने धर्तीलाई सुरक्षित राख्ने।

- समृद्धि, सुखको आधार हो । सुख भनेको न्यायोचित जैविक र मानवीय आवस्यकताहरूको सहज उपलब्धता हो । उच्च र दीगो उत्पादन/उत्पादकत्व, आधुनिक पूर्वाधार र सघन अन्तर आवद्धता, मानवीय पूँजी निर्माण तथा त्यसको पूर्ण उपयोग, उच्च र समतामूलक राष्ट्रिय आय समृद्धिको सूचक हो । समृद्धि अर्थात् सामजिक न्याय सहितको समुन्नति !

- ‘सुशासन, परिष्कृत तथा मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरणीय पद्दति, सवल लोकतन्त्र, राष्ट्रिय एकता र सम्मान’ ‘सुखीपन’का सूचक हुन्। हामीले थालेको रोजगारी र लगानीका विभिन्न कार्यक्रहरू समृद्धिका हिस्सा हुन् । सुशासन समृद्धिको लागि पूर्वशर्त हो ।

- सुशासनको शत्रु भ्रष्टाचार हो । ‘भ्रष्ट र भ्रष्टचारका सन्दर्भमा ‘मुखमा पानी हालेर नबोल्ने- भ्रष्टाचारीलाई कार्वाही गर्दा त्यसको मुख नहेर्ने’ मेरो दृढ सार्वजनिक घोषणा हो । भ्रष्टाचार र अनैतिकता हाम्रो संस्कार हैन । परम्परा हैन । हामी नेपाली मिहेनत र पसिनाको कमाइमा विश्वास गर्छौं । तामो-तुलसी छोएर वा कण्ठी समाउँदै धर्म भाकेर, बर-पिपल वा दोबाटाको चुच्चे ढुङ्गालाई साक्षी राखी गर्दिनँ भनेको काम/कुरा नगर्ने इमान भएको जाति नेपाली हो । तसर्थ, भ्रष्ट र अनैतिक मान्छे आचरणले नेपाली होइन, हुनै सक्दैन ।

- गएको साल, बेथिति र भ्रष्टाचार विरूद्धको अभियानको वर्ष पनि रह्यो । एकपटक सोचौं त- सुशासनकै संयन्त्रभित्र रहेर अवाञ्छित कार्यमा निर्लिप्त कुनै ओहोदावाल यसभन्दा अघि यस तह र व्यापकतामा कहिल्यै छानविनको दायरामा आएका थिए? एक वर्ष अघिसम्म पनि,पहिलो रोजाइमा पर्ने स्थानहरू आज किन रोजाईमा परिरहेका छैनन्? शंकाको घेरामा परेका र विगतमा अवाञ्छित कार्यमा संलग्न भनि गन्हाएकाहरू अहिले किन छट्पटिएका छन्? अनपेक्षित ढंगमा तिनीहरू बुरूक/बुरूक उफ्रिँदै किन क्रिया/प्रतिक्रिया दिइरहेका छन्?

- नयाँ वर्षको आजको दिन म भन्न चाहन्छु, मेरो नेतृत्वको सरकारले सुशासनका लागि चालेका कदमले नतिजा दिंदैछ । घरजग्गा कारोवारहोस् वा संगठित तस्करी,भन्सार/अध्यागमनको विषय होस् वाहुण्डी कारोबार तथा विदेशी विनिमय अपचलन, नक्कली भ्याट बिल प्रकरणदेखि सबै प्रकृतिका अवाञ्छित/अनुचित कामको छानबिन जारी छ । जालझेल गरेर कब्जा गरिएका सरकारी जग्गाहरू धमाधम फिर्ता गरिँदै छन्, गरिँदै जाने छन् । राज्यको सम्पत्तिमाथि अनधिकृत दोहनलाई सरकारले छुट दिने छैन । ती कार्यको परिणामबाट परेको सकारात्मक असर सार्वजनिक नै छ । हामीलाई थाहा छ, भ्रष्टाचार विरूद्धको लडाइँ चुनौतीपूर्ण छ र यसले लामै समय लिन्छ । तर जुनसुकै मूल्य चुकाएर भए पनि र जति समय लगाएर भए पनि भ्रष्टाचारलाई उन्मूलन गरी छाड्ने अभियानमा म प्रतिवद्ध छु ।

- बेथीति र भ्रष्टाचार विरूद्धको यस अभियानमा सबै तह र तप्काबाट पाएको समर्थन र सहयोगप्रति म आभार प्रकट गर्दछु ।यसमा सघाउने सबै अभियन्ता, सञ्चारमाध्यम र जागरूक नागरिकहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । यस वर्षलाई थप उपलब्धिमुलक बनाउन लागि पर्ने संकल्प फेरि एकपटक जाहेर गर्दछु ।

दिदीबहिनी तथा दाजुभाइहरू,

- समृद्धिको अर्को पूर्वशर्त शान्ति हो । वितेको वर्षमा मुलुकले राजनीतिक रूपमा महत्वपूर्ण उपलव्धिहरू हासिल गऱ्यो ।

- अलग देश, अलग राष्ट्रिय झण्डा, अलग राष्ट्रियगान र अलग संविधानको अभियान चलाउँदै आएको समूहले नेपालको संविधान अनुरूप राजनीतिक क्रियाकलापमा सहभागि हुने घोषणा गर्नु सामान्य विषय होइन । यससँगै मुलुकबाट पृथकतावादको अन्त्य भएको छ भन्ने सुनाउन पाउँदा मैले सन्तोष अनुभव गरिरहेको छु ।

- अहिले, विभिन्न आवरणमा सुरू गर्न लागिएको हिंसा र अतिवाद तथा त्यसमाथि आधारित आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने राष्ट्रिय अभियान शुरू भएको छ ।

सबैखाले अतिवाद, अशान्ति, आतङ्क र गडबडीबाट मुलुकलाई छिट्टै मुक्त गराइनेछ ।लामो द्वन्द्व र सङ्क्रमणकाल अन्त्य गरेर बल्ल स्थायित्वको बाटोमा हिंड्न लागेको मुलुकमा अर्को हिंसाको दुष्चक्र किमार्थ स्वीकार्य हुन सक्दैन । शान्तिपूर्ण रूपमा गरिने विरोध र असहमतिलाई हाम्रो संविधानले नै प्रत्याभूत गरेको छ । तर अवाञ्छित प्रतिगामी प्रयासहरू र संविधान विरोधी गतिविधिहरू कडाइका साथ नियन्त्रण गरिनेछ । यसलाई बुझेर पनि बुझ पचाउने काम नगर्न, राजनीतिक रङ्ग दिएर हिंसालाई उचित नठहऱ्याउन र यस सम्बन्धमा दोहोरो मापदण्ड र लोकरिझ्याइँको बाटो नअपनाउन म सबैलाई हार्दिक आग्रह गर्दछु ।

देशवासी दिदीबहिनी तथा दाजुभाइहरू,

- मलाई मन परेको, युएइका प्रधानमन्त्रीले आफ्नो पुस्तक ‘माइ भिजन’मा चर्चा गरेको एउटा प्रसंग यहाँ स्मरण गर्न चाहन्छु : ‘बिहान घाम झुल्केसँगै अफ्रिकाको जङ्गलको एउटा सिंह आफ्नो जिउ तन्काउँछ र सोच्छ, ‘यस जङ्गलको सबभन्दा छिटो कुद्ने हरिण भन्दा ढिलो कुदें भने म भोकै मर्छु । त्यसैले मैले सकेसम्म छिटो दौडनु पर्छ ।’ त्यसैगरी जङ्गलको कुनै कुनामा सुतिरहेको हरिण पनि ब्यूँझिन्छ र सोच्छ- ‘अहो ! अब मैले कुद्नु पर्छ, बेस्सरी कुद्नु पर्छ । यदी यस जङ्गलको सिंहभन्दा ढिलो भएँ भने म मारिन्छु । मैले बाँच्नु पर्छ ।’

- पुरानो वर्षलाई विदाई र नयाँ वर्षको स्वागत गरिरहँदा आज म, समयलाई हेक्का राखौं भन्न चाहन्छु । हाम्रा सामु अनगिन्ती कामहरू छन् । मैले नेतृत्व गरेको सरकारको यसै कार्यकालमा हामीले हाम्रो मुलुकलाई ‘अतिकम विकसित मुलुक’को टिठलाग्दो हैसियतबाट उकास्नै पर्छ । सन् २०३० मा तोकिएको दीगो विकास लक्ष्य भेट्टाउनै पर्छ । यसको लागि हामी/हामी बीचको दौड- प्रतिस्पर्धा अफ्रिकी सिंह र हरिणको जस्तै हुनु आवस्यक छ। जे गर्नुछ, हामीले यही एक दशकभित्र सम्पन्न गरिसक्नु पर्छ । आउँदो १०/११ वर्षपछि आजको युवा जनसंख्या बुढ्यौलीतिर ढल्कनेछ र हाम्रो विकासको जनसाङ्खिक लाभ सकिनेछ । हामीसित समयको सीमा छ, गर्नुपर्ने काम भने असिमित छन् ।

- समयको गति समाउन मैले पनि आफूलाई, यो तीब्र गतिको दौडमा सामेल गरिरहेको छु । प्रत्येक परिश्रमी नेपालीझैं मैले पनि आफूलाई, हरेक दिन सामान्यतः विहान ६ बजेदेखि राती १२ बजेसम्म सक्रिय राखेको छु । मुख्य औपचारिक कार्यक्रमको मात्रै हिसाब गर्ने हो भने पनि गएको एक वर्षमा म, ३१४ वटा विभिन्न कार्यक्रममा सहभागि भएको छु । जनतासँगको सम्वाद कुनै न कुनै रूपमा जारी राखेको छु ।

- सरकारको नेतृत्व सम्हालेपछि मैले, सडक-सञ्जालको हिसाबले लामो दूरीमा रहेको कर्णाली प्रदेशको राराबाट जनतासँगको सम्वाद यात्रा थालेको थिएँ । छोटो नै सही डोल्पा, हुम्ला, जुम्ला र सुर्खेतमा आफूलाई अड्याएर तपाईंहरूका भावना सुन्ने र मेरा योजना सुनाउने काम गरेँ। ६ वटा प्रदेशसभाहरूलाई सम्बोधन गर्ने क्रममा त्यहाँका जनप्रतिनिधिहरूसँग सम्वाद गरेँ । आज म यी सम्वादहरूको सकारात्मक परिणाम देखिरहेको छु ।

- गएको साल, ‘दशैंसम्ममा दुनैलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्छौं’भनेर गरिएको वाचापूरा हुँदा,त्यहाँका जनतालाई जस्तै मलाई पनि औधी खुशी लागेको छ । सिमीकोटमा सल्लाह गरे बमोजिम ताक्लाकोट हुँदै सीमापार गर्ने नाका व्यवस्थित गर्ने काम सार्थक भएकोछ । सीमानदी महाकालीमाथि कम्तिमा पनि झोलुङ्गे पुल चाहियो भन्ने दार्चुलाका दिदीबहिनी/दाजुभाइहरूको माग कार्यान्वयन भएको छ र असुरक्षित नदी आरपारलाई सुरक्षित पार्ने हाम्रो अभियानमा मद्दत पुगेको छ ।

- सडकको शिलान्यास वा यस्तै विभिन्न अवसर पारेर प्रदेश १ को पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी र धनकुटाका कार्यक्रममा सहभागी भएको छु । सिराहाको भेला र रौतहटको विशाल सभालाई सम्बोधन गरेको छु । तय भएको औपचारिक कार्यक्रमलाई बीचमै छोडेर अकस्मात आएको चक्रवातबाट पीडित बारा-पर्साका जनताको दुःख र पीडासँग आफूलाई जोड्न पुगेको छु।व्यवसायिक स्याउ फार्मलाई प्रोत्साहित गर्न मनाङ पुगेको छु, जलविद्युत परियोजना शीघ्र सम्पन्न गराउन दोलखा पुगेको छु । यसरी वितेको एक वर्षमा जनतासँग सम्वाद गर्न ७७ मध्ये २९ जिल्लाहरूमा म स-शरीर नै पुगेको छु । कर्णाली र सुदुर पश्चिम प्रदेशको पहाडी भाग र तराईका अधिकांश भागमा रहेको फरकफरक प्रकृतिका असुरक्षित वस्ती व्यवस्थापनका लागि कार्यविधि लागू गर्न यी जिल्लाहरूको भ्रमणले सरकारलाई प्रेरित गरेको छ ।

- यसरी गएको वर्ष, चुनौतिलाई चिर्दै, आशा र उत्साहका साथ हामीबाट विदा भएको छ । गएको वर्षले हाम्रो आत्मविश्वास थप सुदृढ बनाएको छ । साझा राष्ट्रिय आकांक्षा र सम्पन्न गर्नुपर्ने असंख्य कार्यसूचि सहित नयाँ वर्ष २०७६ ले हामीलाई स्वागत गरिरहेको छ । प्राकृतिक नियममा चलेर आउने वसन्तका लागि हामीले एक वर्ष प्रतीक्षा गर्नुपर्छ । तर सामाजिक विकासका नियम भने जटिल हुन्छन् ।

- प्रकृतिमा जस्तै मानव समाजमा वसन्त आफै आउँदैन, यसलाई हासिल गर्नुपर्छ । मानव समाजमा वसन्त आगमन विभिन्न शक्ति र प्रवृत्तिद्वारा प्रभावित हुन्छ । तर नेपाली समाजमा पनि दीगो शान्तिको, सामाजिक न्यायसहितको समृद्धिको, लोकतन्त्र सहितको विकासको र सुखसहितको खुशीको वसन्त आउने कुरामा हामी ढुक्क छौं ।

- हामीलाई वैचारिक रूपमा मार्गदर्शन गर्ने र अघि बढ्न प्रेरणा दिने सम्पूर्ण अग्रजहरूप्रति आदरभाव व्यक्त गर्दछु ।

- यस नयाँ वर्ष सबै नेपालीका लागि थप सुखमय होस् । फेरि एकपटक हार्दिक मङ्गलमय शुभकामना !

धन्यवाद ।

*(प्रधानमन्त्री केपी शर्मा ओली बैशाख १ गते २०७६ साल आइतबार गरेको सम्बोधन ।)*



प्रधानमन्त्री केपी शर्मा ओली

## मधेश अपडेट

### हुरी पीडितलाई प्रदेश ३ को सहयोग

जनकपुरधाम । बारा र पर्सा जिल्लाको हावाहुरी प्रभावितको लागि प्रदेश नं. ३ मुख्यमन्त्री डोरमणी पौडेलले एक करोडको चेक मुख्यमन्त्री लालबाबु राउतलाई हस्तान्तरण गरेका छन् । प्रदेश ३ का मुख्यमन्त्री पौडेल प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री राउतलाई एक करोडको चेक हस्तान्तरण गरेका हुन् । हावाहुरीबाट प्रदेश २ को बारा र पर्सा जिल्लामा जनधनको ठूलो क्षति भएपछि प्रदेश ३ सरकारले राहत स्वरूप एक करोड रूपैयाँ सहयोग गर्ने घोषणा गरेको थियो । यस्तै प्रदेश ३ का सांसदहरूको तीन दिनको तलब बराबर चार लाख ६९ हजार ५० रूपैयाँ मुख्यमन्त्री राहत कोषमा जम्मा गरेको छ । बैंकमा जम्मा गरेको भौचर प्रदेश ३ की उपसभामुख राधिका तामाङले मुख्यमन्त्री राउतलाई हस्तान्तरण गरेकी छन् ।

### चिनियाँ गाईको मलंगवामा विरोध

मलंगवा । प्रदेश सरकारले चीनबाट गाई ल्याउन लागेको भन्दै यहाँको स्थानीय युवाले विरोध जनाएका छन् । सर्लाहीको सदरमुकाम मलंगवामा स्थानीय जनजागृति युवा क्लबका अध्यक्ष सागर यादवको नेतृत्वमा जम्मा भएका युवाले चीनबाट गाई ल्याउन लागिएको विरोध जनाए । उनीहरूले ‘विदेशी गाई चाहिँदैन’, ‘नेपाली कृषकमाथि खेलवाड गर्न पाइँदैन’ जस्ता नारासमेत लगाएका थिए । चीनबाट गाई ल्याउन प्रदेश २, प्रदेश ३ र गण्डकी सरकारले यसअघि नै सम्झौता गरिसकेका छन् । चीनबाट गाई ल्याउने निर्णयको विरोधमा यसअघि पनि प्रदेश २ को अस्थायी राजधानी जनकपुरमासमेत स्थानीय युवा व्यवसायीले विरोध जनाएका थिए । चीनसँग मिलेर प्रदेश २ सरकारले कृषि परियोजना चलाउन लागेको भन्दै जनकपुर र राजबिराजमा पनि यसअघि प्रदर्शन भएको छ ।

### पर्सा अध्यक्षमा चौथो पटक यादव निर्वाचित

वीरगंज । संघीय समाजवादी फोरम नेपाल पर्साको अध्यक्षमा प्रतिनिधिसभा सदस्य प्रदिप यादव चौथो पटक अत्याधिक मतले निर्वाचित भएका छन् । वीरगंजको मुर्लीमा रहेको वीरगंज पार्टी प्यालेसमा आयोजित प्रथम जिल्ला समन्वय समिति गठन कार्यक्रममा सर्वसहमत रूपमा सहमति हुन नसकेपछि चुनावी प्रक्रियाबाट भएको मतदानबाट पुन पर्सा जिल्लाको अध्यक्षमा सांसद यादव अत्याधिक मतले निवार्चित भएका हुन् । फोरम नेपालको पर्सा जिल्ला अध्यक्ष पदका लागि भएको निर्वाचनमा सांसद प्रदिप यादव र प्रदेश सांसद अब्दुल रहिम अंसारीबीच प्रतिस्पर्धा भएको थियो । अध्यक्ष पदका लागि भएको मतदानमा सांसद यादवले अत्याधिक ४० मत ल्याएर विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी अंसारीले ४ मत ल्याएर चित्त बुझाएका थिए । जसमा २ वटा मत बदर भएको थियो । १४ वटा स्थानीय तहमध्ये प्रत्येक गाउँपालिकाबाट ३ - ३ मत, नगरपालिकाहरूबाट ३ - ३ मत र महानगरपालिकाबाट ७ मत गरी ४६ वटा मत खसेको थियो ।

### जनकपुर अञ्चल अस्पताल अब प्रादेशिक

जनकपुरधाम । प्रदेश २ सरकारले जनकपुर अञ्चल अस्पताललाई प्रदेशको प्रादेशिक अस्पताल नामकरण गर्ने निर्णय गरेको छ । प्रदेश २ को सामाजिक विकास मन्त्रालयले विगतमा अञ्चल अस्पतालको रूपमा रहेको जनकपुर अञ्चल अस्पतालको स्वरूपलाई प्रादेशिक अस्पताल नामकरण गर्ने निर्णय गरेको हो । सामाजिक विकास मन्त्री नबलकिशोर साहले प्रादेशिक अस्पतालका लागि आवश्यक सम्पूर्ण पूर्वाधार पनि तयारी गर्दै जाने बताए । जनकपुर अहिले प्रदेशको अस्थायी राजधानी समेत रहेकाले उक्त अञ्चल अस्पताललाई प्रादेशिक अस्पताल नामकरण गरिएको उनले बताए । विगतमा संघीय सरकार मातहत रहेको जनकपुर अञ्चल अस्पताल अहिले प्रदेश सरकारको मातहत आइसकेको छ । उपेन्द्र यादव स्वास्थ्य मन्त्री भएपछि प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो । उक्त अस्पतालको बजेटदेखि कर्मचारी नियुक्तिसम्म सबै काम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमार्फत संचालन भइरहेको छ ।

### ‘अभावका कारण अस्पताल बन्द हुने’

राकेश यादव, रौतहट । जिल्ला अस्पताल गौरका प्रमुख डाक्टर कृष्ण साहले ५० सैयाको अस्पतालमा दरबन्दी अनुसारको डाक्टर नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था नगरेको कारण सेवा प्रवाहमा समस्या भएको बताएका छन् । नेपाल सरकारको स्वीकृत कार्यक्रम अन्तर्गत निशुल्क हाइड्रोसील अपरेशन सम्बन्धी संचारकर्मी विचको अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै डाक्टर साहले ५१ जनाको दरवन्दी भएको अस्पतालमा ९ जना करारका चिकित्सकबाट सेवा प्रवाह गर्नु पर्ने बाध्यता रहेको बताए । संघीय सरकारले विशेषज्ञ तथा अनुभवी डाक्टर समयमा पठाउन नसकेको आरोप समेत लगाए । अस्पतालमा विशेषज्ञ १ जना पनि नरहेकोले विरामीहरूले स्तरीय उपचार लीन अपेक्षा गरेको हुदा जनशक्ति अभावले सेवा दिन नसकेको उहाको भनाइ रहेको छ । पटक पटक विशेषज्ञलाइ पठाउन परिपत्र केन्द्रीय सरकार र प्रदेश सरकारलाइ गरे पनि अहिले सम्म चिकित्साक नपठाएको गुनासो गरे । ९ जना विशेषज्ञको दरवन्दी भए पनि हाल १ जना विशेषज्ञ पनि रहेको छैन । प्रदेश सरकारका सामाजिक विकास मंत्रालयमा डाक्टर व्यवस्थापन गर्न पत्राचार गरेको भन्दै डाक्टर साहले प्रादेशिक मंत्री नवलकिशोर साहले स्थलगत निरिक्षण गरे पनि कुनै चासो नलिएको आलोचना गरे । नर्सको आभाव, बजेटको कमी, उपकरणको अपुग, ल्याव टेक्नीकलको आभावले स्तरीय सेवा दिन अप्ठ्यारो भएको उहाको कथन रहेको छ ।

### कपिलवस्तुलाई राजधानी बनाउन माग

मणि प्रसाद गैह्रे, कपिलवस्तु । भगवान गौतम बुद्धले २९ वर्ष बिताएको स्थान अर्थात राजा शुद्धोधनको दरबार क्षेत्र नै प्रदेश नं ५ को राजधानी उपयुक्त भएको कपिलवस्तुवासीले दावी गरेका छन् । बुधबार विहान गोरूसिंगेमा एक विशेष कार्यक्रम गरी कपिलवस्तुबासीले स्थायी राजधानीको बहस सुरू गरेका हुन् । भौगोलिक तथा प्रशासनिक दृष्टिले प्रदेशको राजधानी कपिलवस्तु बनाउन उत्तम हुने भन्दै जिल्लाबासीले माग राख्दै आएका छन् । बुद्धकालीन स्थल ऐतिहासिक प्राचिन दरवार तिलौराकोट कपिलवस्तु भएको हुंदा त्यसैलाई आधार मानी राजधानी कायम गर्न जिल्लाका नेता तथा जनताले माग गरेका छन् । राष्ट्रियता र देशभन्दा ठुलो केही नहुने हुंदा आजभन्दा ३ हजार वर्ष पुरानो शुद्धोधनको राजदरवार क्षेत्रलाई नै हालको राजधानी बनाउनुपर्नेमा जिल्लाबासीको जोड छ ।

### नेपाल स्काउटको आधारभूत तालिम

विराटनगर । विराटनगरमा प्रदेश १ स्तरीय नेपाल स्काउटको छदिने आधारभूत तालिम बुधबारदेखि सुरू भएको छ । सो तालिमको उद्घाटन प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले गरेका छन् । मुख्यमन्त्री राईले नेपाल स्काउटसँग औपचारीक रूपमा सहकार्य सुरू भएको घोषणा समेत गरेका छन् । नेपाल स्काउटलाई स्थानीय तह र वडासम्म विस्तार गर्ने उद्देश्यले १४ जिल्लाकै प्रतिनिधिका लागि तालिम आयोजना गरिएको हो । तालिममा ३२७ पुरूष र १९५ जना महिला स्काउटको सहभागीता छ ।

### राजधानी निर्माणमा ढिलाइ

धनगढी । सुदूरपश्चिम प्रदेशको स्थायी राजधानी निर्माणका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परेपछि सुदूरपश्चिम प्रदेश सरकारले गोदावरीमा राजधानी निर्माण गर्ने गरेको निर्णय कार्यान्वयनमा ढिलाइ भएको छ । वन क्षेत्रमा राजधानी बनाउन नहुने भन्दै सर्वोच्च अदालतमा मुद्दा परेपछि अहिलेसम्म राजधानी निर्माणको कुनै पनि कार्य अगाडी बढ्न नसकेको हो ।

### प्रधानमन्त्रीद्वारा होटेल उद्घाटन

नेपालगञ्ज । एक अर्ब २५ करोडभन्दा बढी लगानीमा नेपालगञ्जको वसुदेवपुरमा सञ्चालित नेपालकै पहिलो ग्रिन पाँचतार होटल सोल्टी वेस्टेन्ड प्रिमियरको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेका छन् । एक वर्षअघि सफट ओपिनिङ गरी सञ्चालनमा ल्याइएको सोल्टी होटलको मंगलबार ग्राण्ड ओपिनिङ गरिएको हो । सुविधा सम्पन्न तारे होटलमा प्रायः बढी ऊर्जा खपत हुन्छ । ती होटलबाट धेरै मात्रामा कार्बनडाइअक्साइड उत्सर्जन उर्जाको भार बढ्नुका साथै वातावरणीय असर पनि पुऱ्याएको हुन्छ ।

# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**लालकिशोर साह**
मेयर, जनकपुरधाम उपमहानगरपालिका



# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**हरिप्रसाद मण्डल**
मेयर, मटिहानी नगरपालिका, महोत्तरी



# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**रामशंकर मिश्र**
मेयर
जलेश्वरनाथ नगरपालिका, महोत्तरी



# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**अजयकुमार गुप्ता**
मेयर, गौर नगरपालिका, रौतहट



# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**अभय कुमार सिंह**
मेयर, बलरा नगरपालिका, सर्लाही



# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**सूर्यनाथ मण्डल**
मेयर
कल्याणपुर नगरपालिका, सिरहा






# नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**लोकेन्द्र लाल कर्ण**
वडाअध्यक्ष
जलेश्वर नगरपालिका-४
महोत्तरी



नव वर्ष २०७६ सालको सुखद् अवसरमा समस्त ग्राहकवर्षमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल टेलिकम परिवार**


## संक्षिप्त समाचार

### निर्वाचित पदाधिकारीहरुलाई बधाई

रूपन्देही । राष्ट्रिय अपाङ्ग महासंघको आठौं महाधिवेशनबाट निर्वाचित प्रदेश ५ का पदाधिकारीहरूलाई बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रम गरिएको छ । प्रदेश ५का सामाजिक विकासमन्त्री सुदर्शन बरालले शुभकामना दिएका हुन् । उनले जनताले हातेमालो गरेर प्रदेशलाई छिट्टै अपाङ्गमैत्री प्रदेश बनाउने बताएका छन् । मन्त्री बरालले प्रदेश सरकारले अपाङ्गहरूको विशेष क्षमतालाई पहिचान गरी यथोचित कदर र उचित अपसर प्रदान गर्नेमा ढुक्क हुनसमेत आग्रह गरे ।

### कुष्ठरोग सम्बन्धी अन्तरक्रिया

रौतहट । राजदेवी नगरपालिकाको आयोजनामा कुष्टरोगसम्बन्धी संचारकर्मी बिचको १ दिने अन्तरक्रिया कार्यक्रम बुधबार सम्पन्न भएको छ । नगरपालिका भित्रमा कुष्टरोगको पहिचान गरी निर्मूल पार्ने उद्देश्यले सरकारले सञ्चालन गरेको कुष्टरोग अभियान अन्तर्गत अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा नगर स्वास्थ्य संयोजक उमाकान्त झाले घरदैलो गरी स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम रहेको बताए । छाला रोग विशेषज्ञ सहितको टोली घर घरमा गएर महिला पुरूषको परीक्षण गर्ने उनले बताए । कुष्टरोग सरूवा रोग भएकोले यसको निर्मूल पार्ने सरकारको लक्ष्य रहेको छ ।

### मदरसाको वार्षिकोत्सव मनाइयो

कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा ३ जामिया सिराजुलवलुम अलसल्फीया मदरसाको वार्षिकोत्सव सम्पन्न भएको छ । राष्ट्रगान र मुस्लिम समुदायको पवित्र पुस्तक कुरान शरिफको पाठ पढी कार्यक्रमको शुरूवात गगरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्रदेश नं. ५ का सामाजिक बिकासमन्त्री सुदर्शन बराल, अतिथि एहसान अहमद खां, राष्ट्रीय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डा.अब्दुल गनी अलकुफी, चिरञ्जीवी पौडेल रहेका थिए । मन्त्री सुदर्शन बरालले आफ्नो मन्तब्य राख्ने क्रममा मदरसा शिक्षालाई मूल प्रवाहिकरणमा ल्याउन आफू प्रयास गर्ने प्रतिबद्धता जनाएका छन् ।

### आगलागी हुँदा ६ लाखको क्षति

मोरङ । कटहरी गाउँपालिका-५ बस्ने राधे कामतको कुखुरा फारममा आगलागी हुँदा लाखौंको धनमाल नष्ट भएको छ । सोमबार राति आगलागी हुँदा कुखुराको फर्म, कुखुरा तथा नजिकै रहेको २ वटा परालको कुन्यु समेत जली करिब ६ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ । स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### टिप्परको ठक्करबाट मृत्यु

रूपन्देही । तिलोत्तमा नगरपालिका-९ कुञ्जलापुर पुरानोसडकस्थित सडकमा बुधबार राति लु.२ ख १०२२ नम्बरको टिपरको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री सोही नगरपालिका शंकरपुर बस्ने ४० वर्षीयरामबहादुर बिकको क्रिमसन अस्पताल मणिग्राममाउपचारकोक्रममा मृत्यु भएको छ । ट्रिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ठक्करबाट एकको मृत्यु

पर्सा । बसले मोटरसाइकललाई ठक्कर दिँदा एक महिलाको मृत्यु भएको छ । वीरगंज महानगरपालिका-८ माईस्थान स्थित सडकमा ना.१ ख ७७६७ नम्बरको बसले ना.१३ प ५९८७ नम्बरको मोटरसाइकललाई बुधबार बिहान ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार सोही महानगरपालिका-१६ नगवा बस्ने ३२ वर्षीया कुन्जन चौरसियालाई उपचारका लागि नारायणी अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । बस नियन्त्रणमा लिई फरार चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका(१९ स्थित हुलाकी सडकखण्डमा से.७ प ५३५० नम्बरको मोटरसाइकलले मंगलबार दिउसो ठक्कर दिँदा गम्भीर घाइते भएकी सोही ठाउँ बस्ने पैदलयात्री ५२ वर्षीया सरस्वती अधिकारीको सेती अंचल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल चालक गोदावरी नगरपालिका(५ घर भएका २८ वर्षीय रामचरण चौधरी समेत घाइते भएकाले सोही अस्पतालमा उपचार भइरहेको छ ।

### दलित संग्रहालय निर्माण हुँदै

विराटनगर । मोरङको बेलबारी नगरपालिकामा दलित संग्रहालय निर्माण भइरहेको छ । संग्रहालय निर्माणका लागि नगरपालिकाले ७ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ । दलित सुमुदायका धर्म, संस्कार, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले संग्रहालय निर्माण गर्न लागिएको हो । संग्रहालयमा दलित समुदायका सीपबाट निर्मित सामग्री तथा दलित समुदायको भेषभुषालगायतका सामग्री राखिने जनाइएको छ ।

### ग्रामीण क्षेत्रमा कुष्ठरोगी बढी

रूपन्देही । रूपन्देहीमा पछिल्लोपटक गरिएको खोज अनुसन्धानमा सहरमा भन्दा गाउँमा कुष्ठ रोगीको सङ्ख्या बढेको पाइएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीले गरेको कुष्ठ रोग खोज अभियानमा सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा कुष्ठ रोगीको सङ्ख्या बढी देखिएको बताइएको छ । अहिले पनि रूपन्देहीका पुराना १२२ जना कुष्ठ रोगका बिरामीले औषधी सेवन गरिरहेको कार्यालयको भनाइ छ ।

### धानुक मृत फेला

कैलाली । चुरे गाउँपालिका-६ उमार्स्थित बाटोमासोही स्थान बस्ने २२ वर्षीय राजेन्द्रबहादुर धानुक बुधबार बिहान मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

- अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिने, मुद्दा फैसला नहुदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्याय सहितको पुनर्स्थापनाको हक हुने,
- बालबालिकालाई कसुर गर्न लगाएमा कसूर गर्न लगाउने व्यक्तिलाई सजाय हुने,
- कसूरदारले अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयामा सघाउ पुऱ्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# नेपाली विद्यार्थीहरू 'कम्फर्ट' मससुस गर्छन्



**डा.चेनराज रायचन्द**
**अध्यक्ष, जैन युनिभर्सिटी (बैंग्लोर, भारत)**

नेपालका विद्यार्थीहरू एकदमै अनुशासित हुन्छन् । नेपाल र भारतको संस्कृति त मिल्दोजुल्दो छ तर पढाईमा नेपाली विद्यार्थीको इफोर्ट अलि बढी नै हुन्छ । नेपाली विद्यार्थीहरू साइन्स, टेक्नोलोजी, बिजनेश लिडरसिपमा निकै अगाडि देखिन्छन् ।

**० तपाइँको नेपाल भ्रमण कस्तो रह्यो ?**
– भारत र नेपालको संस्कार र संस्कृति लगभग एकै किसिमको छ । नेपालका धेरै बच्चाहरू हाम्रो युनिभर्सिटीमा पढ्छन् । करिब दुई दशकमा दुई/तीन हजार बच्चाहरू पढेर निस्किसकेका छन् । यहाँको संस्कृति र भारतको संस्कृति एउटै भएकाले नेपाल भ्रमण गर्न पाउँदा आफ्नै घरमा आएको जस्तो अनुभव हुन्छ । नेपाल एकदम रमणीय ठाउँ हो ।

**० तपाइँले जैन युनिभर्सिटीको परिचय कसरी दिनुहुन्छ ?**
– हामीले ३० वर्ष पहिले जैन कलेज भनेर एउटा संस्था खोलेका थियौं । त्यसको १० वर्षपछि युनिभर्सिटी बन्यो । ८० हजार जति बच्चाहरू स्कूल, कलेजदेखि पिएचडीसम्म पढ्ने गरेका छन् । इन्टरकोलोनल, रिसर्च, टेक्नोलोजी, इनर्जी लगायतका क्षेत्रमा जैन युनिभर्सिटी धेरै नै प्रख्यात छ । खासगरेर, अन्डरग्राजुएट एजुकेशन र म्यानेजमेन्ट एजुकेशनमा बढी ख्याति कमाएको छ । यसमा बच्चाहरू बिजनेश लिडर बन्छन् । हामी चाहन्छौं कि बच्चाहरू यहाँ पढेर रोजगारमूलक कार्य गरोस् । यहाँ अलराउण्डर स्किल्स हासिल गर्दै आएका छन् बच्चाहरूले । त्यसैले, डिग्री मात्रै सबै कुरा होइन, त्यसमा अलराउण्ड डेभलेपमेन्ट विथ मोडेनरी विथ भ्याल्युज । यो नै हाम्रो खासियत हो । पढेर त डिग्री हासिल गर्न सकिन्छ तर, व्यावहारिक शिक्षा हामी दिइरहेका छौं । आजको प्रविधिक युगमा कसरी हामी आफूलाई ढाल्न सक्छौं त्यो पनि यहाँको विशेषता हो ।

**० भारतमै धेरै विश्वविद्यालय छन्, यसले आफ्नो छुट्टै पहिचान कसरी बनाउन सक्यो ?**
– नौ सय विश्वविद्यालयहरू भारतमा छन् । पूरै विश्वमा २८ हजार विश्वविद्यालय छन् । त्यसैले हाम्रो केही न केही विशेषता त अवश्य होला नि जसले गर्दा अहिलेसम्म छुट्टै पहिचान बनाइसकेको छ । सात/आठ सालमा २० हजार बच्चा आउँछन् । यहाँका बच्चा बाहिर गएर आफ्ना ट्यालेन्ट देखाइरहेका छन् । स्पोर्ट्समा हामी नम्बर एक हौं । इन्टरनेशनल खेलाडीहरूमा केएल राहुल, मयंक अग्रवाल लगायतका छन् । त्यस्तै, हरेक खेलहरूमा हाम्रा युनिभर्सिटीबाट अब्बल खेलाडीहरू गएका छन् । त्यसैले, यो जैन युनिभर्सिटीले अलराउण्ड डेभलपमेन्ट स्किल्समा ख्याति कमाएको छ । त्यसैले भारतमा यति धेरै युनिभर्सिटी हुँदा पनि यसले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको हो ।

**० जैन युनिभर्सिटीमा नेपाली विद्यार्थीहरु पढ्न जाँदा कस्तो स्वभाव पाउनुहुन्छ ?**
– नेपालका विद्यार्थीहरू एकदमै अनुशासित हुन्छन् । नेपाल र भारतको संस्कृति त मिल्दोजुल्दो छ तर पढाईमा नेपाली विद्यार्थीको इफोर्ट अलि बढी नै हुन्छ । नेपाली विद्यार्थीहरू साइन्स, टेक्नोलोजी, बिजनेश लिडरसिपमा निकै अगाडि देखिन्छन् ।

**० नेपाली विद्यार्थीका लागि जैन युनिभर्सिटीमा विशेष व्यवस्था के छ ?**
– यहाँ पर्सानालिटी निर्माण हुन्छ । यहाँको एजुकेशन स्किल्स एकदमै हाई हुन्छ । यहाँको अलराउण्ड डेभलपमेन्टको मोडल छ, ज्ञान एक हिस्सा हो भने बाँकी जुन अनुभवहरू छन् त्यो अति नै महत्वपूर्ण छ । हाम्रो प्लेटफर्म एकदम आवश्यक छ, माइण्ड म्यानेजमेन्ट एण्ड ह्युमेन राइट्सको ।

**० नेपाल र भारतको संस्कृति मिल्दोजुल्दो हुँदा पनि धेरै कुराहरुमा भिन्नता छन् । नेपाली विद्यार्थी त्यहाँ आफूलाई कतिको कम्फर्ट महसुस गर्छन् ?**
– नेपालका विद्यार्थी अँग्रेजीमा अलि कति कमजोर देखिन्छन् तर तीन वर्षमै पूरा हुन्छ । हामीले इंगलिश स्पिकिङ्ग कोर्ष, प्रजेन्टेशन स्किल्स दिन्छौं । अँग्रेजीलाई इन्टरनेशनल ल्वाङ्वेजको रूपमा स्वीकार गरिएको छ । भारतमा इंगलिश मिडियमबाटै पढाइ हुन्छ । त्यसैले दुई/तीन महिनामा नेपाली विद्यार्थीले आफूलाई एडजस्ट गर्छन् ।

**० नेपाली विद्यार्थीहरु त्यहाँबाट पढेर आएपछि उनको क्यारियर कस्तो देख्नुभयो ?**
– जैन युनिभर्सिटीबाट पढेका ८० प्रतिशत विद्यार्थीले आफ्नै जन्मभूमि नेपालको इकोनोमिक सिस्टममा लागेका छन् । शायद २० प्रतिशत विद्यार्थी नेपालबाहिर गएका होलान् । प्राय: विद्यार्थीहरू नेपालको विकास र समृद्धिमा लागेका छन् ।

# डिग्रीका साथै स्किल्स पनि दिन्छौं

अरू-अरू पनि युनिभर्सिटीहरू छन् जसले योभन्दा पनि सस्तोमा पढाइरहेका छन् तर क्वालिटी एजुकेशन हेर्नुपर्छ । तपाइँले पास गर्नुभयो भने त्यो डिग्रीको कतिको मान्यता हुन्छ, यो महत्वपूर्ण कुरा हो ।



**सन्तोष कुमार चौधरी**
**भारतको बैंगलोरस्थित जैन युनिभर्सिटीका नेपाल प्रतिनिधि**

**० जैन युनिभर्सिटी कस्तो युनिभर्सिटी हो ?**
– जैन युनिभर्सिटी भारतको टप २० भित्र पर्ने युनिभर्सिटी हो । यो युनिभर्सिटी नेपालमा धेरै लोकप्रिय छ । दुई दशकदेखि नेपाली विद्यार्थीहरू जैन युनिभर्सिटीमा अध्ययन गरी फर्केर यहाँ कतिपयले राम्रो जागिर गरिरहेका छन् भने कतिपयले आफ्नै बिजनेश पनि गरिरहेका छन् । त्यसैले, जैन युनिभर्सिटी आजको दिनमा ब्राण्ड बनिसकेको छ । यसले गुणस्तरीय शिक्षा दिइरहेको छ । योसँग धेरै कोर्षहरू छन् ।

**० जैन युनिभर्सिटीलाई नेपालमा प्रोमोट गर्नुपर्ने कारण के हो ?**
– जैन युनिभर्सिटी आफैमा एउटा ब्राण्ड हो । विगत दुई दशकदेखि नेपाली विद्यार्थीहरू अध्ययन गर्न गइरहेका छन् । नेपालमा ठूला औद्योगिक घरानाहरू गोल्छा, केडिया, चौधरी, खेतान लगायतका बच्चाहरू त्यहाँ पढेर आएका छन् र राम्रो गरिरहेका छन् । भारतमा धेरै विश्वविद्यालयहरू छन् र नेपालबाट वर्षेनी विद्यार्थीहरू अध्ययनका लागि जाने गरेका छन् । तर, त्यहाँ सबभन्दा राम्रो पढाई र फिचर कहाँ छन् भन्ने कुरा बुझाउनका लागि नेपालमा प्रोमोट गर्नुपर्ने आवश्यकता आयो । बढीभन्दा बढी विद्यार्थीहरूले राम्रो शिक्षा हासिल गरेर त्यो ऊर्जा विकास र समृद्धिमा लगाउन सकोस् भन्नका लागि हामीले प्रोमोट गर्नुपर्ने परेको छ । हरेक वर्ष जैन युनिभर्सिटीमा नयाँ-नयाँ कोर्ष इम्पलिमेन्ट गरिरहेको छ अवस्था छ । जब विद्यार्थी जैनमा पढ्न जान्छन् भने त्यहाँबाट उनीहरू एउटा डिग्री मात्रै लिएर फर्किंदैनन् एउटा स्किल लिएर फर्कन्छन् । त्यसैले, अभिभावकले कसरी थाहा पाउने भन्नका लागि हामी लागेका छौं ।

**० नेपालका विद्यार्थी जैन युनिभर्सिटीमा किन पढ्न जानुपर्छ ?**
– यसका धेरै फ्याक्टरहरू छन् । यो एउटा ब्राण्ड मात्रै होइन । पारामिटरमा हेर्नुभयो भने सबभन्दा प्रथममा आउँछ जैन युनिभर्सिटी, यो एउटा आफैमा रिपुटेड युनिभर्सिटी हो । त्यसपछि त्यहाँको कोर्ष करिकुलम हेर्नुस् । ती कोर्षअनुसार तपाइँ पढेर आउनुस्, तपाइँ जागिर पाउनुहुन्छ वा तपाइँ आफै केही विजनेश गर्नुहुन्छ । अर्को कुरा यो युनिभर्सिटी बैंग्लोरमा छ । यहाँको क्लाइमेट र बैंग्लोरको क्लाइमेट लगभग उस्तै छ । त्यसले गर्दा यहाँका विद्यार्थीलाई एकदमै कमफर्ट महसुस हुन्छ । त्यसपछि, युनिभर्सिटीको वातावरण जुन छ त्यसले गर्दा विद्यार्थीले अटोमेटिकली आफूलाई सहज तरिकाले ग्रहण गर्दछ । त्यसैले, यसका धेरै कुराहरू छन् ।

**० जैन युनिभर्सिटीमा फिको सिस्टम कस्तो छ ?**
– फिको मामलामा म भन्दिँन कि यो एकदम सस्तो छ । वास्तवमा यसको फि एकदम स्टयाण्डर्ड हो । विद्यार्थीहरू धेरै बीबीएमा पढ्न जान्छन्, विदेशी विद्यार्थीहरूको हकमा भन्नुपर्दा त्यसमा नेपाली विद्यार्थीका लागि सहुलियत दिएको छ । त्यस्तै, इन्जिनियरीङ्गमा विदेशी विद्यार्थीका लागि करिब ५ लाख पर्न जान्छ तर नेपाली विद्यार्थीलाई मोटामोटी नेपाली ३ लाख रूपैयाँसम्म पर्छ । त्यसैले, नेपाली विद्यार्थीका लागि धेरै सहुलियत दिएको जैन युनिभर्सिटीले । अरू-अरू पनि युनिभर्सिटीहरू छन् जसले योभन्दा पनि सस्तोमा पढाइरहेका छन् तर क्वालिटी एजुकेशन हेर्नुपर्छ । तपाइँले पास गर्नुभयो भने त्यो डिग्रीको कतिको मान्यता हुन्छ, यो महत्वपूर्ण कुरा हो ।

**० यसमा स्कलरसिपको अवस्था कस्तो छ ?**
– विदेशी विद्यार्थीका लागि जुन फि तोकिएको छ, त्यसमा धेरै सहुलियत नेपाली विद्यार्थीले पाउँदै आएका छन् । यो बाहेक विद्यार्थीहरूलाई भारतीय राजदूतावासले दिँदै आएको छ, त्यहाँबाट पनि स्कलरसिपका लागि एप्लाइ गर्न पाउँछन् । जैन युनिभर्सिटी त्यसमा पनि एसोसिएटेड छ ।

**० जैन युनिभर्सिटीको प्रोमोट गर्दा तपाइँलाई व्यक्तिरुपमा के फाइदा हुन्छ ?**
– मैले एउटा एजुकेशन कन्सलटेन्सी चलाएको छु । तपाइँले कुनै काम गर्नुहुन्छ भने त्यसबाट केही न केही फाइदा अवश्य खोज्नु हुन्छ । हाम्रो कृष्णा फाउण्डेशन नयाँबानेश्वरमा छ । यो संस्था हो भने अवश्य नै नाफामुखी संस्था हो । हामीले विद्यार्थीसँग एक पैसा पनि लिएको छैन । हामीले युनिभर्सिटीसँग सर्भिस फि लिन्छौं ।






## स्थानीय सम्वाद

# बेरोजगारविहीन नगरपालिका बनाउँछौं



**मानबहादुर खड्का**
**मेयर, लालबन्दी नगरपालिका, सर्लाही**

**लालबन्दी नगरपालिका नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्येको २ नं. प्रदेश अन्तर्गतको सर्लाही जिल्लामा पर्ने एक स्थानीय तह हो । नेपालमै गोलभेडा (टमाटर) उत्पादन र निर्यातका लागि देशव्यापी रूपमा ख्यातिप्राप्त यस नगरपालिका साविकको लालबन्दी नगरपालिका (साविक गारू.वि.स. लालबन्दी, पत्थरकोट र जब्दी), र नेत्रगरूंज, रानिगंज, परवानिपुर तथा नारायणखोला गा.वि.स. समायोजन भई निर्माण भएको हो ।**

**० नगरप्रमुखको रुपमा निर्वाचित भएदेखि के कस्ता कामहरु गर्नुभयो ?**
– हामीले जनताको बीचमा गएर जनताका समृद्धिसँग प्रत्यक्ष सम्बन्धित, सडक, शिक्षा, नदी नियन्त्रण लगायतका क्षेत्रमा कामहरू गरिरहेका छौं । खानेपानीको विषयमा हामी सम्वेदनशील भएर लागेका छौं । हाम्रो नगरपालिका भौगोलिक हिसावले एकदमै विकट हो । हामीले खासगरी, बाटो र शिक्षामा केन्द्रित गरेर दुई वर्षदेखि काम गरिरहेका छौं ।

**० भनेपछि, जनताले स्थानीय सरकारको उपस्थिति महसुस गरेका छन् ?**
– एकदमै महसुस गरेका छन् । हामीले स्वास्थ्य, शिक्षा, सडक लगायतका क्षेत्रमा काम गरिरहेका छौं । त्यसैले जनताले स्थानीय सरकारको महसुस गरेका छन ।

**० लालबन्दीका जनता केमा आत्मनिर्भर हुनसक्छन् ?**
– हामीले यहाँका जनतालाई आत्मनिर्भर बनाउन तरकारी खेतीका लागि विभिन्न काम गरेका छौं । यस्तै दुधको उत्पादन बनाउन पनि योजनाहरू ल्याएका छौं । दुध उत्पादनका लागि पशु पाल्ने किसानहरूका लागि प्रोत्साहनस्वरूप भत्ता दिइरहेका छौं । तरकारी खेती गर्नेहरूका लागि बजार व्यवस्थापन गरेका छौं । त्यसैगरी, हामीले रोजगारमूलक तालिमहरू पनि व्यापकरूपमा दिएका छौं ।

**० लालबन्दी नगरपालिका कसरी विकट भयो ?**
– हाम्रो नगरपालिकामा पहिले सात वटा गाविसहरू मिसिएको थियो । त्यसमध्ये दुईटा चुरेभित्र छ । त्यहाँ यातायातको एकदमै असुविधा छ । बाटो, विद्युत पुगेको छैन । त्यहाँ माविस्तरका विद्यालयहरू छैन् । शुद्ध खानेपानीको अभाव छ, त्यसैले अभावैअभाव छ । त्यसैले, विकट त भन्नुपऱ्यो ।

**० शिक्षाको अवस्था कस्तो छ ?**
– यहाँ कहीं कहीं शिक्षाको राम्रो अवस्था छ भने कतै दयनीय अवस्था पनि छ । सर्लाही जिल्लाको सबभन्दा बढी विद्यालय भएको पालिका हो लालबन्दी । यहाँ ४८ वटा विद्यालय छन्, जसमध्ये ७-८ वटामा दरबन्दी पनि छैन । हामीले आन्तरिक स्रोतबाट व्यवस्थापन गरेर चलाउने काम सुरू गरेका छौं । कतिपय उत्तरी भेगमा मावि चलेको छ तर दरबन्दी छैन । संघीय सरकारले पनि त्यो खालको व्यवस्था गर्न सकेन र प्रदेशले पनि झन् शिक्षा र स्वास्थ्य कुनै कामै गरेको छैन । यो अर्थमा हामी आफ्नो तवरमा साधन स्रोत जुटाउँदै विद्यालय चलाएको अवस्था छ । केही भागमा असाध्यै राम्रो पठनपाठन भएको अवस्था पनि छ ।

**० सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा नगरवासीले महसुस गरेका छन् ?**
– केही हदसम्म महसुस गरेका छन् । तर पूर्णरूपले सिंहदरबार गाउँ-गाउँमा आएको छैन । यसका लागि केही समय लाग्छ । यहाँ जनताको आशा र आकांक्षा धेरै छन् । ती सबै पूरा गर्न सजिलो छैन । धेरै अपेक्षा भएकोले एक दुई वर्षमै पूरा हुने अवस्था नरहेकोले हामी अभ्यासमा छौं ।

**० प्रदेश र संघीय सरकारसँग कस्तो किसिमको सहकार्य भइरहेको छ ?**
– संघीय सरकारले हामीलाई सशर्त र नि:शर्त माध्यमबाट उपलब्ध गराएको छ । सशर्त पैसाबाट हामीले तोकेको काम गर्नुपर्ने गरिरहेका छौं । त्यसैले गर्दा संघीय सरकारले हामीलाई राम्रै पैसा दिएको छ । हामीले निर्माण कार्यहरू गरिरहेका छौं । हामीले पाँच वर्षको अवधिमा धेरै काम गर्छौं । तर, प्रदेश सरकारबाट हामीले जुन तरिकाले कार्यक्रमहरू पाउनुपर्ने हो, त्यसमा एकदम न्यून छ । प्रदेशले हामीलाई कार्यक्रम दिँदा समन्वय नगरेको महसुस गरिरहेका छौं । हामीले माग एउटा गरेको र सम्बोधन अर्को भएको अवस्था पनि छ ।

**० छोरी शिक्षा बीमा लालबन्दीमा लागू भएको छ ?**
– त्यो कार्यक्रम असाध्यै राम्रो छ तर हामीकहाँ लागू हुन सकेको छैन । यसबारे हामीले पटक-पटक बुझेका छौं । तर, हामीबीच समन्वयको अभावले हो कि के कारणले हो यो कार्यक्रम हाम्रो नगरपालिकामा आएको छैन ।

**० तपाइँको ड्रीम प्रोजेक्ट के हो ?**
– हामीले आफ्नो कार्यकालको पाँच वर्षभित्र व्यापक रोजगारको सिर्जना गराउँछौं र नगरपालिकामा बेरोजगारी रहँदैन । हामीले ठूलठूलो कलकारखाना खोल्न त सक्दैनौं तर हामी सीपमूलक तालिम दिन्छौं र कृषिलाई उत्पादनमूलक बनाउँछौं । शासन र सिस्टमलाई अनुशासित बनाई समाजलाई सभ्य बनाउँछौं ।

**० पर्यटनको सम्भावना कति छ ?**
– यहाँ पर्यटनको ठूलो सम्भावना छ । त्यसमा हामी काम पनि गरिरहेका छौं । यो पर्यटन विकास गर्ने भनेर प्रदेश सरकारले भ्यू टावरसहित बजेटमा व्यवस्था गऱ्यौं तर पछि संशोधन गरेर त्यो बजेट नै प्रदेश सरकारले काटिदियो । त्यसबाट हामी पीडित पनि छौं । हामीले टेलिस्कोपसहित भ्यू टावर बनाउने भनेर प्रदेश २ कै सबभन्दा अग्लो ठाउँ हो त्यो । त्यहाँबाट प्रदेश २ का आठवटै जिल्ला हेर्न सकिन्छ । त्यस्तै, हामीले विद्युत उत्पादन गर्ने सम्भावना पनि अध्ययन गरिरहेका छौं । अर्को कुरा के छ भने हाम्रै क्षेत्रमा जुनार र सुन्तला पनि फल्छ । यस प्रदेशका जनताले आफ्नै प्रदेशमा फलेको जुनार र सुन्तला फलेको हेर्न पाउने सम्भावना पनि छ ।




# क्यान्सर

शरीरमा अनियन्त्रित रुपमा कोषहरूको असमान्य बृद्धि हुनलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनक्रिया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्छ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय, काठमाडौं, टेकू

राष्ट्रिय साप्ताहिक
मधेशवाणी




## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**विक्रम यादव**
मेयर
चक्रघाटा गाउँपालिका, सर्लाही

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**श्रवण कुमार यादव**
मेयर
मिर्चैया नगरपालिका, सिरहा

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**वेदनारायण गच्छदार**
मेयर, दुहबी नगरपालिका, सुनसरी

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**दीपनारायण प्रसाद रौनियार**
मेयर, पोखरिया नगरपालिका, पर्सा

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**निसार अमद खाँ**
अध्यक्ष, शुद्धोधन गाउँपालिका, कपिलवस्तु

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धिरेन्द्र कुमार सिंह**
मेयर, राजदेवी नगरपालिका, रौतहट

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**बैजुप्रसाद गुप्ता 'दीपक'**
अध्यक्ष, पाल्हीनन्दन गाउँपालिका, नवलपरासी

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**राजेश राय यादव**
मेयर, कलैया उपमहानगरपालिका, बारा

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**सतीश कुमार सिंह**
अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**शिवप्रसाद चौधरी**
मेयर, राजापुर नगरपालिका, बर्दिया

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**संजीव कुमार साह**
मेयर, भंगाहा नगरपालिका, महोत्तरी

## नयाँ वर्ष २०७६

को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**बालेश्वर मण्डल**
मेयर, धनुषाधाम नगरपालिका, धनुषा


# जिल्ला समाचार

## भगवान महावीरको २६१८ औं जन्म जयन्ती मनाइयो

वीरगन्ज । प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले समाजको उत्थान, दिशानिर्देश गर्न तथा समाजलाई सही मार्ग देखाउन ईश्वरले समय समयमा महात्माहरूलाई जन्म दिएको बताएका छन् । अहिँसाको अग्रदुत भगवान महावीरको २६१८ औं जन्म जयन्तीको अवसरमा वीरगन्जमा आयोजित कार्यक्रममा उनले सो कुरा बताएका हुन् । उनले महावीर को समकालीन भगवान बुद्ध पनि रहेको बताए । साथै उनले भगवान महावीरले देखाएका बिभिन्न मार्ग तथा सिकाएका अहिँसाका पाठबाट सबैले सिक्नुपर्ने बताए । भगवान महावीरले पृथ्वीमा रहेका पशु पंक्षी सहितका बिभिन्न प्राणीहरूलाई प्रेम गर्न र अहिँसाको मार्गमा हिँडन सिकाएको बताए । कार्यक्रममा समाजसेविका बिणा पन्तले पृथ्वीमा रहेका हरेक प्राणीलाई प्रेम गर्नुपर्ने धारणा राखेकी थिईन । पन्तले अलपत्र अवस्थामा रहेका घाईते पशुपंक्षीहरूलाई बिभिन्न समयमा उपचार गराउने देखि दिएर निस्वार्थ रूपमा समाजसेवामा सक्रिय रहेकोले अशोक कुमार बैद्दले आफ्नो आमाको नाममा रहेको ट्रष्टबाट ५१ हजार नगद तथा सम्मान पत्र प्रदान गरेका थिए । त्यस्तै कार्यक्रममा बरिष्ठ पत्रकार चन्द्र किशोर झाले बिरगँज आर्थिक नगरी मात्र नभएर बिभिन्न धर्म तथा जातजातिको सँगम स्थल पनि रहेको धारणा राखे । त्यस्तै महावीरले अहिँसा सम्बन्धी सन्देश दिएको र प्राणीहरूलाई प्रेम गर्नुपर्ने सिकाएको बताए ।

## व्यवस्थित र मर्यादित हुनु आवश्यक : प्रदेश प्रमुख

जनकपुरधाम । मानव जिवनको अन्तिम समयमा महापात्रहरूद्धारा गरिने सँस्कार कार्य आफैमा सम्मानित कार्य रहेको प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् । महापात्र पुनरूत्थान समाज नेपालको दोश्रो केन्द्रीय साधारण सभाको उद्धघाटनका क्रममा प्रदेश प्रमुख कायस्थले सो धारणा राखेका हुन् । यस किसिमको सँस्कारले अचेल जीवनयापन गर्न कठिनाई हुने गरेको चिन्ता व्यक्त गर्दै उनले यस कार्यलाई समृद्ध बनाउन तर्फ जोड दिनुपर्ने बताएका छन् । साथै उनले दिवँगत आत्माको चिर शान्तिका लागि गरिने कार्य व्यवस्थित र मर्यादित बनाउँदै यसको गुणवत्तामा पनि ध्यान पुर्याउनुपर्ने बताएका छन् ।

## 'सामाजिक सहयोग आवश्यक'

राकेश यादव, रौतहट । प्रहरी नायव उपरीक्षक भुनेश्वर साहले अपराध समाजको अभिन्न अंग भएकोले पूर्णरूपमा कहिल्यै पनि समाप्त नहुने बताएका छन् । रौतहटको राजदेवी नगरपालिका वडा नं.८ लक्ष्मीपुर वेलविछवा स्थित प्रहरी चौकीको कार्यालयमा मंगलवार आयोजित अन्तरकिया कार्यकममा सम्बोधन गर्दै डिएसपी साहले समाजले सकृयता देखाएमा हदसम्म अपराधलाई न्यूनीकरण गर्न सक्ने धारणा राखे । उनले कानुनले भनेको कार्य नगरेमा वा नगर्न भनेको कार्य गरेमा अपराध हुने बताए । समाज भित्रै अपराध हुने गरेकोले प्रहरीले चाहेर पनि जरैबाट समाप्त पार्न नसक्ने उनको तर्क रहेको छ । प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत रहेका प्रहरी नायव उपरिक्षक साहले प्रहरीमा परिवर्तन आएको दावी गरे । पहिलाको प्रहरी र अहिलेको प्रहरीको संरचनामा आमुल्य परिवर्तन आएको बताउँदै प्रहरी जनतामुखि सेवा प्रवाह गर्न लागेको बताए । मुलुकमा परिवर्तन भएकोले विस्तारै विस्तारै सवै क्षेत्रमा सुधारको साथै परिवर्तन भएको बताए । प्रहरी नायव उपरिक्षक साहले भने संगठनको प्रभावशाली बनाई शान्ति सुरक्षा कायम गर्नमा सफलता हासिल गर्ने उद्देश्यले तालिमको प्रभावको मुल्यानकन गर्न लागिएको जनाए ।

## राजपाको बृहत् विरोध ऱ्याली

वीरगंज । राष्ट्रिय जनता पार्टी नेपालले शुक्रवार वीरगंजमा बृहत विरोध ऱ्याली निकालेको थियो । राजपा, नेपाल पर्साका अध्यक्षँ प्रेमबाबू पटेलको नेतृत्वमा निकालिएको विरोध ऱ्यालीले वीरगंज नगर परिक्रमा गरेको थियो । ऱ्यालीमा राजपा नेपालका महासचिव राजेशमान सिंह, सहमहासचिव निजामुद्दीन समानी, जिल्ला सचिव उमेशलाल सहनी, वडा नं. का वडाध्यक्ष बैजु स्वर्णकार, वडा नं. ३२ का वडाध्यक्ष रेयाज मियाू, मदन यादव, बरतुन नेसा, संगीता दास, अभिषेक तिवारी, अफरोज, विद्यार्थीका जिल्ला मधुसुदन चौरसिया, ठाराबको एकाइ अध्यक्षँ अमित यादव, राष्ट्रिय पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष वीरेन्द्र साह (हिटलर), युवा नेता सुशील पटेल, लियाकत अलि, विष्णु पटेललगायत करीब एक हजार व्यक्तिको उपस्थिति थियो । पार्टीको ९ सूत्रीय माग अविलम्ब सरकारले पूरा गर्नुपर्ने माग राख्दै राजपा नेपालले विरोध प्रदर्शन गरेका थिए ।

## फोहोर संकलन सुरू

बाँके । नेपालगञ्ज उपमहानगरपालिकाले वडा कार्यालयले फोहोर व्यवस्थापनको काम सुरू गरेका छन् । वडा नम्बर १ ले १२ लाख रूपियाँमा ट्याक्टर खरिद गरी मङ्लबारदेखि फोहोर सङकलनको काम सुरू गरेको छ । टोलटोलमा स्वास्थ्य, सरसफाई र वातावरणमुलक प्रचारसहित हरेक प्रत्येक टोलमा ट्याक्टर बताइएको छ । उपमहानगरपालिकाले हरेक वडामा दैनिक फोहोर सङकलन गर्न सकिरहेको छैन । बस्ती विकाससँगै नेपालगञ्जको वडा नम्बर १ धम्बोझीमा धेरै नयाँ टोल थपिँदा फोहोर सङकलन र व्यवस्थापनमा चुनौती भएपछि वडा कार्यालय आफैले वार्षिक बजेटमा ट्याक्टर राखेको थियो ।

## कपिलवस्तु महोत्सव सम्पन्न

कपिलवस्तु । कपिलवस्तु जिल्लाको समग्र विकासको आधार, धार्मिक स्थलको प्रवर्द्धन, पर्यटन कृषि उद्योग र व्यापार भन्ने मुल नारा सहित चैत्र १८ देखि सञ्चालनमा रहेको छैठौ प्रचिन कपिलवस्तु महोत्सवको चैत ३० गते राती १२ बजे ७५ साललाई विदाई गरी नयां वर्ष २०७६ को सूरूवातको शुभकामना मनाउँदै सम्पन्न भएको छ । महोत्सवमा यस वर्षवाट सूरू भएको प्रथम प्राचिन कपिलवस्तु डान्स आइडलको उपाधी आकांक्ष शर्माले हासिल गरेकी छन् । ४२ जना सहभागि मध्ये ४१ जनालाई पछि पार्दै शर्माले विजेता हासिल गरेकी हुन् । त्यस्तै दितिय जानवी चौरासिया, तृतिय पिन्म्रा श्रीवास्तव र सान्त्वना हिमानी सिग्देल भएकी छन् । विजेता हुने प्रथमलाई ३५ हजार, दितियलाई २० हजार तृतियलाई १० हजार र सान्तोनालाई ५ हजार प्रदान गरिएको थियो । महोत्सवको समापन गर्दे पुर्व मन्त्री एवं सांसद वृजेश कुमार गुप्ताले महोत्सवले कपिलवस्तुको प्रचार प्रसार र स्थानीय जनतामा मनोरज्जन कायम रहेको बताए ।

## रगत नमूना परीक्षण

नेपालगञ्ज । बर्दिया जिल्लाको थारू समुदाय बाहुल्य नगरपालिका बारबर्दिया नगरपालिकाले सिकलसेल सङ्क्रमण भएका व्यक्ति पत्ता लगाएन नगरपालिकाभित्रका २० हजार स्थानीयवासीको रगत नमुना परीक्षण गराएको जनाएको छ । सिकलसेल समस्या बरबर्दिका ११ मध्ये वडा ७ र ८ बाहेक सबैमा रगतको नमुना सङ्कलन सकिएको हो । सो नगरपालिकाले एक वर्षदेखि २९ वर्ष उमेरसमुहका थारू समुदायका स्थानीयले अनिवार्य रगत परीक्षण गराउनुपर्ने नियम बनाएको छ ।

## तीन देशका महिला सगरमाथा चढ्ने

काठमाडौं । 'नेपाल भ्रमण वर्ष २०२०' लाई सघाउ पुऱ्याउने उद्देश्यका साथ तीन महिलाले सर्वोच्च शिखर सगरमाथाको आरोहण गर्ने भएका छन् । नेपालकी कान्छीमाया तामाङ, भारतकी कल्पना दास र चीनकी लियामू मालाई सोमबार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटाले नेपालको झण्डा र नेपाल भ्रमण वर्ष २०२० को लोगो हस्तान्रण गरे । कान्छीमाया तामाङले सगरमाथाको सफल आरोहण गरी तामाङ समूदायकै पहिलो सगरमाथा आरोहीको कीर्तिमान बनाइसकेकी छन् भने भारतकी कल्पना दासले ६ हजार मिटर उचाईका हिमालहरूको सफल आरोहण गरिसकेकी छन् । चीनकी माले पनि यसअघि सगरमाथाको सफल आरोहण गरिसकेकी छन् ।

## वायुसेवा निगमले दिल्ली उडान थप्ने

काठमाडौं । नेपाल वायुसेवा निगमले भारतको नयाँदिल्लीमा थप उडान भर्ने भएको छ । हाल सातामा ११ वटा उडान भर्दै आएको निगमले मे १ तारिखबाट तीन उडान थप गर्ने भएको छ । निगमका सह-प्रवक्ता नवराज कोइरालाका अनुसार तीन उडान थप भएपछि निगमको दैनिक दुई उडान हुनेछ । बिहानको समयमा निगमको न्यारोवडिले उडान भर्नेछ भने दोस्रो उडान वाइडबडीले गर्नेछ ।


"जति पनि पैसा दिन्छु, विधान हामी नै लेखेर दिन्छौ, तपाईंलाई केन्द्रिय समितिमा पनि राखेन, सिके राउतको विरोधमा अर्को पार्टी खोल्नुस्" भनेर प्रदेशका मन्त्री र अधिवक्ताहरूले हाम्रा समर्थकहरूलाई लोभ(लालच देखाइ रहदाँ र बैठकमाथि बैठक गराइ रहँदा हुरी पीडितको लागि दिइएको यो एक करोड़ रकम हुरी पीडितलाई जाने हो कि उतै तिर जाने हो भन्ने आशंका स्वभाविक छ। हामी निगरानी गरी रहनेछौं । **डा.सीके राउत**


कुनै पनि क्षण कर्तव्यबाट विमुख हुँदैन।परिवार,परिवेश समाज सबैले हामीबाट अपेक्षा गरिरहेको हुन्छ। नकारात्मकताबाट सकारात्मकता खोज्नु नै हाम्रो चुनौती हो र धर्म पनि। हाम्रो समाज जटिल छ । जटिल छन् हाम्रा संस्कार।समाज र व्यक्तिको अन्तरद्वन्द, चेतन र अचेतनको संघर्ष चलिरहन्छ।अहिले त्यही संघर्षमा छु। गृहनगरमा छु। कहालीलाग्दो बेथिति, चेतनामा समेत बेहोशीले व्यथित पार्दछ। जगाउने प्रयास गर्दछु। बडो गाह्रो छ निस्पृह भएर उभिदा पनि । **सीताराम अग्रहरी**


यतिधेरै आरोप, टिप्पणी र आलोचना हुँदा नैतिकताका आधारमा पदबाट राजिनामा गरेर अनुसन्धानमा सहयोग गर्नु राम्रो हुन्थ्यो। यो त लबस्तरो पारा भयो । यसरिनै हो राजनिती धन्दामा फेरिने। कित भनौ समाजवाद, अनुशासन, नैतिकता सब का सब कार्यकर्ता झुक्याउने तुरूप । **केशव दाहाल**


राजपा पार्टीलाई किर्तेधारी, रातो पासपोर्ट बेचुवा र कमिसनखोरीहरूले नै सकाउने भयो । सवाल : यसमा मन्त्रीको पनि हात छैन भनेर कसरी बिश्वास नगर्ने ? जिल्लामा अजेन्ट राखेर प्रदेश २ का एक मन्त्रीले धन्दा संचालन गर्दै, खोजी गर्दै छु को को हुन ति अजेन्ट । जय मधेश, लुटि खाउ मधेश । **अनन्त अनुराग**


सबै भन्दा बिदेशीने मानिस प्रदेश २ बाट नै हो । के जनकपुरमा अन्तर्राष्ट्रिय विमान स्थल बनाउन सकिदैन ?? सिमरा को अन्तर्राष्ट्रिय बिमानस्थल को काम अलपत्र किन ??? **संजीव कुमार झा**


निहित स्वार्थमा ०७५/९/९को तेरिज तहगत रूपमा संशोधन गराएर अहिलेको समायोजन सुची पनि निहित स्वार्थमै स्थगन गराउने र स्वास्थ्य संगै संघीय सामान्य प्रशासन मन्त्रालयलाई असफल बनाउने नियोजित सडयन्त्र सुरू भएको अभास हुँदैछ । यो चलखेल कुनै हालतमा स्वीकार हुँदैन । **उदयकुमार महतो**


आफ्नो नाममा भएको नारायणहिटी दरवार सन्ततिले अपचलन गर्लान भनेर राजा महेन्द्रले २०२९ सालमा सरकारको नाममा पास गरिदिए। कालान्तरमा नेपाल सरकारका केही मैसासुरहरूले सरकारका जग्गा आफ्ना नाममा पारे। कठै हामी नेपालीका भाग्य। कुनै दिन यि नेताका हालत एलेन गार्सियाको जस्तै हुनेछ लेखेर राख्नुस् । **मानवी पौडेल**

# भारतीय कलाकारको चित्र प्रदर्शन

काठमाडौं । एउटै चित्रमा दक्षिण एसियाली नारीको अवस्थिति चित्रण गर्नुपर्दा कस्तो देखिन्छ होला ? भारतीय चित्रकार हेमन्त पाण्डेयले कोरेका चित्रले सिर्जनात्मक जवाफ दिन्छ । राजधानीको ठमेलस्थित मिथिला यें ग्यालरीमा ३२ भारतीय कलाकारसहित उनको चित्र पनि राखिएको छ। झन्डै पाँच दशकदेखि चित्रकारिता गर्दै आएका भारतीय कलाकार विपिन दावेले बुद्धको पोर्ट्रेट राखेका छन । नेपाली कलाकार श्यामसुन्दर यादवको मिथिला चित्र देख्न सकिन्छ। भारतीय चित्रकार दावेले भने, 'नेपाल बुद्धको देश हो, त्यसैले दुवै बुद्धको चित्र लिएर आएँ।' चार दशकदेखि चित्रकारिता गर्दै आएका अर्का भारतीय चित्रकार तरूण कोठारीको चाहिँ यो पहिलो अन्तर्राष्ट्रिय प्रदर्शनी हो। प्रदर्शनीमा उनले आमा र सन्तानको प्रेम झल्काउने पोट्रेट र घोडाको चित्र राखेका छन। भारतीय कला संस्था ड्रिम आर्ट वर्ल्डले पाँचदिने प्रदर्शनी गरेको हो।

# 'द १०० हिरोज् अफ मधेश' अवार्ड वितरण

ललितपुर। मधेशी पत्रकार समाजले मधेशका सय जना हिरोलाई छनौट गरी अवार्ड वितरण गरेको छ। ललितपुरमा शुक्रबार साँझ भएको समारोहमा 'द १०० हिरोज अफ मधेश' को उपाधिबाट विभिन्न १० विधामा १०/१० सम्मानित भएका हुन्। सम्मानित हुनेमा सामाजिक अभियन्ता सरोज राय, सीताराम कट्टेल धुर्मुस, वीरगञ्ज महानगरपालिकाका मेयर विजय सरावगी, जनकपुर उपमहागनरपालिका मेयर लालकिशोर साह, नेता केशव झा, सामाजिक अभियन्ता तथा प्रदेश २ का सांसद् रामअषिश यादव, संगीतकार तथा गायक गुरूदेव कामत, अधिवक्ता सुनिलरञ्जन सिंह, अप्पन टिभीका समाचार प्रमुख अजय साह शिवाली, सामाजिक अभियन्ता सरोज मिश्र, भिजिट मधेशका ओमप्रकाश सर्राफ, चिकित्सक डा.सीके सिंह, चित्रकार सुनैता ठाकुर, पत्रकार पुरन साह, पत्रकार अभिमन्यु पटेल, गायक रामा मण्डल, संगीतकार कमल मण्डल, साहित्यकार विनित ठाकुर, त्यसैगरी, महिला अधिकारकर्मी रिता साह, नेतृ रेखा यादव, पत्रकार अभिमन्यु पटेल, नेतृ सुनिता साह, रामा मण्डललगायतले पनि अवार्ड प्राप्त गरेका छन्। त्यसैगरी, एथलेटिक्स खेलाडी अमित यादवलाई विशेष सम्मान गरिएको थियो। कार्यक्रममा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, नेता हृदयेश त्रिपाठी, राजपा अध्यक्ष मण्डलका सदस्य अनिलकुमार झा, कांगेस नेता डाक्टर अमरेशकुमार सिंहलगायतले अवार्ड हस्तान्तरण गरेका थिए।
मधेशका लागि आर्थिक, शैक्षिक, कृषि, युवा, सामाजिक, पत्रकारिता, युवा, उद्योगी, महिलाबाट योगदान दिएकाहरूको छनौट गरी 'मधेशको हिरो' उपमा दिँदै सम्मान सय जनालाई सम्मान गरिएको छ। ५० जनालाई नोमिनेसनको माध्यमले भोटिङ्का आधारमा तथा ५० जनाको छनौट कमिटीले खोजी गरेर सय जनाको टुंगो लगाएको थियो।

## उपेन्द्र यादव...

भने फोरमको अगुवाईमा मधेश आन्दोलनमा होमिएका जनता तथा कार्यकर्ताले अर्को निर्वाचनमा फोरमलाई असफल गराउने छन्। र, बाजी राजपा, नेपाली कांग्रेस वा नेकपाले मार्नेछन्।

मधेश गठबन्धनको अर्को दल राजपा ओली सरकारमा सहभागी छैन। यदि सरकारले संविधान संशोधन लगायत मधेशका मुद्दा सम्बोधन गर्न सकेन भने त्यसको दोष फोरमलाई नै जाने।

झण्डै दुई तिहाई बहुमत रहेको नेकपाको सरकारमा राष्ट्रिय तर सानो दलको रूपमा उपस्थित भएकाले यादवका अगाडि थुप्रै चुनौति र असहजता छन्। उनी सामु सबैभन्दा जटिल चुनौति चाहिँ आफैले गरेको माग अनुसार झापा-कञ्चनपुरको समथर भेगमा दुई संघीय प्रदेश निर्माणमा नेकपालाई सहमत गराउनु हो। चुनौति किन हो भने यसका लागि नेकपाको पूर्व घटक एमाले सहमत छैन। ओली त झन् यादवले भने बमोजिमको संघीयताप्रति अनुदार छँदैछैनन्।

फोरमको अर्को चुनौति प्रदेश २ मा राजपासँगको गठबन्धन कायम राख्नु हो। कार्यकर्ता व्यवस्थापन, आर्थिक संकटबाट मुक्ति र झण्डै दुई तिहाई रहेको नेकपाको समर्थन विना संविधान संशोधन हुन नसक्ने भएकाले उनी सरकारमा गएका छन्। तर, मधेशी दलहरू एक हुनुपर्छ भन्ने मधेशी 'सेन्टिमेन्ट' का कारण उनी प्रदेश २ मा राजपासँगको गठबन्धन तोड्न सक्ने स्थितिमा छैनन्। यदि दुई बुँदे सहमति अनुसार नेकपा नेतृत्वको सरकारले संविधान संसोधन गरेन भने उनले मधेशको समर्थन गुमाउनेछन् भने प्रदेश २ मा राजपाको समर्थन पनि गुमाउन सक्छन्। यसले यादवलाई अप्ठेरोमा पार्न सक्छ।

उपेन्द्र यादवले नेकपा नेतृत्वको सरकारसँग गरेको दुई बुँदे सहमति होस् वा विगतमा गरेका सम्झौता होस्, अहिलेसम्म एउटा पनि लागू भएको छ। जसले उनलाई थप अप्ठयारोमा पारेको छ। यसकारण यादवले सत्ताका लागि मधेशको एजेण्डा बिक्री गरेको आरोप लाग्नु स्वभाविक पनि हो। संविधान संसोधनको एजेण्डासहित खनाल नेतृत्वको सरकारमा फोरमको सहभागितालाई यादवको माथिल्लो परीक्षा मान्ने हो भने यस पटकको सहभागिता पूरक परीक्षा नै हो। अध्यक्ष यादवले नेकपालाई आफ्नो माग अनुसार संविधान संशोधन गराउन सफलता पाउँछन् वा दुई बुँदे सहमतिको हविगत पनि पहिलेकै सम्झौताको जस्तो हुन्छ, त्यो चाहिँ हेर्न बाँकी छ।

## आर्थिक समाचार

### 'सबै नेपालीको बचत खाता'

काठमाडौं। ग्लोबल आइएमई बैंक लि.ले नेपाल सरकारले नयाँ वर्ष २०७६ बैशाख १ गते देखि घोषणा गर्न लागेको 'समृद्धसँग जोडौं नाता : सबै नेपालीको बैंक खाता' अभियान अर्न्तगत सबै नेपालीको बचत खाता शीर्षकको नयाँ बचत खाता सञ्चालनमा ल्याएको छ। नेपाल सरकारले शुरू गर्न लागेको अभियानलाई सघाउने उद्देश्यले बैंक खाता नहुने नेपाली नागरिकहरूलाई लक्षित गरि ग्लोबल आइएमई बैंक लि. ले नयाँ बचत खाता शुरू गरेको हो। आगामी बैशाख १ गतेदेखि खोल्न सकिने यो बचत खाता अर्न्तगत खाता खोल्ने ग्राहकहरूलाई ग्लोबल आइएमई बैंक लि.ले **रू. १००** बोनस स्वरूप खातामा जम्मा गरिदिनेछ।

### जनता बैंक कैलालीको बलियामा

कैलाली। जनता बैंक नेपालको लम्की चुहान नगरपालीका ४ बलिया शाखाबाट कारोबार सुरू भएको छ। सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहाराले शाखाको उद्घाटन गरेका थिए। बैंकका सञ्चालक रामबहादुर भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत परशुराम कुँवर क्षेत्री, लम्कीचुहा नगरपालिकाकी उपप्रमुख टीका थापा, लम्कीचुहा उद्योग वाणिज्य संघका अध्यक्ष पदम चौलागाईले सम्बोधन गरे। शाखासँगै एटीएम समेतबाट एकै साथ कारोबार सुरू भएको हो।

### सहारा बचत खाता योजना सञ्चालन हुने

विराटनगर। एनएनबी बैंकले विभिन्न १८ वटा विशेषतासहितको बैंक खाता ल्याएको छ। एनएनबी बैंकले बुधबार विराटनगरमा पत्रकार सम्मेलन गरी आफ्ना सेवाहरूको बारेमा विस्तृत जानकारी गराएको छ। प्रत्येक नेपालीलाई लक्षित गर्दै सबैको सहारा बचत खातामा बैंकले नै १ सय जम्मा गरिदिने प्रदेश १ का एनएमबी बैंकका प्रमुख उत्सव घिमिरेले जानकारी दिएका छन्। सरकारको नीतिअनुसार कुनै पनि बैंकमा खाता नभएका उपभोक्तलाई लक्षित गरी सो योजना ल्याउन लागिएको हो।

# मोदीका भाइद्वारा पूजापाठ

जनकपुरधाम। भारताका प्रधानमन्त्री नरेन्द्र मोदीका भाईले भारतीय जनता पार्टीलाई निर्वाचनमा पुनः जिताउन जनकपुरको जानकी मन्दिरमा पूजापाठ गरेका छन्। भारतीय जनता पार्टी (भाजपा) मोदीलाई पुन प्रधानमन्त्री बनाउने नाराका साथ अहिले चुनावमा होमिएको छ। यसै सन्दर्भमा भारतीय प्रधानमन्त्री मोदीका भाइ सोमभाईले जानकी मन्दीरमा पूजापाठ गरेका हुन। पूजापाठ गरेपछि संक्षिप्त प्रतिक्रिया दिँदै सोमभाईले भने, 'माता जानकीसँग उहाँ पुनः प्रधानमन्त्री बनोस् भन्ने कामना गरे।' आफू नरेन्द्र मोदीको जितको कामना गर्नकै लागि जानकी माताको मन्दिरमा आएको उनले सुनाए।




## राजपा-फोरम...

त्यसैले अहिले नै यो विषयमा केही भन्न सकिदैन। पार्टी भित्र पनि यो विषयले व्यापक रूपमा चर्चा पाएको छ। महाधिवेशनले जे निर्णय गर्छ, पाटी त्यसैअनुसार जानेछ। निर्णय गर्ने सम्पूर्ण अधिकार त महाधिवेशनलाई छ। अब पार्टी तेस्रो वर्षमा प्रवेश गर्दैछ। बितेका वर्षमा हामीले के-के गर्‍यौं त्यसको समिक्षा गरिनुपर्छ।

फोरमसँग एकताका लागि हामी पनि तयार छौं। पहिला फोरमले राजपालाई पत्र पठायो, त्यसपछि राजपाले जवाफ पठायो। राजपाको पत्रको जवाफ फेरि फोरमबाट आएको छ। पार्टीले अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोको संयोजकत्वमा पाँच सदस्यीय वार्ता समिति पनि बनाएको छ। फोरमसँग अर्नापचारिक वार्ता भएको छ। अब वार्तालाई औपचारिक रूप दिइनेछ।

हो अहिलेसम्म पत्रको आदान प्रदान मात्र भएको छ। अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोको नेतृत्वमा वार्ता समिति बनेको छ। शामीलाई लाग्छ वार्ता सार्थक निष्कर्षमा पुग्छ। पहिला राजपा र फोरमबीच एकताका लागि कुरा भएको थिएन। त्यति बेला ६ मधेशी पार्टीबीभ एकताको कुरा थियो र भयो पनि। राजपा र फोरमबीच यो नै पहिला पटक एकताको प्रयास थालिएको हो।

हो, सबै दलको एकताको कुरा चलेको थियो भने त्यो बेला छ वटा पार्टी एकीकृत त भएको थियो। एउटा उपेन्द्र यादवको पार्टी मात्र बाहिर बसेका थिए। फेरी अहिले प्रयास हुँदैछ जुन मध्ये मधेशी जनताको चाहना त्यही हो। मधेशी जनताको चाहना र भावनालाई कदर गर्दै अहिले राजपा र फोरमबीच एकताको प्रयास सुरू भएको हो। हामीले पनि सुनेका छौं कि फोरम र नयाँ शक्तिबीच पनि एकताको कुरा भइरहेको छ। अहिले नयाँ शक्तिसँग औपचारिक वार्ता सुरू भएको छैन।

*(राजपाका महासचिव रोहितसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित।)*







**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं